नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, पाल्पा

## वार्षिक बुलेटिन २०७९/०८०



**प्रकाशक**

जिल्ला प्रशासन कार्यालय, पाल्पा

**संरक्षक**

बन्धु प्रसाद बास्तोला
(प्रमुख जिल्ला अधिकारी)

**सम्पादक मण्डल**

भक्ति सरा राना
(सहायक प्रमुख जिल्ला अधिकारी)

राज कुमार कापड
(कम्प्यूटर अपरेटर)

योगमाया गाहा
(कम्प्यूटर अपरेटर)

Email:
daopalpa@gmail.com

Website:
http//:daopalpa.moha.gov.np

Facebook page:
www.facebook.com/daopalpa


## प्रमुख जिल्ला अधिकारीको भनाई

जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरि जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने,अवाञ्छित अपराधिक गतिविधिहरू हुन नदिने, अनपेक्षित रूपमा यस्ता घटनाहरु घटि हाले अपराधीलाई कानूनको दायरामा ल्याउने,नेपालको संविधान, स्थानीय प्रशासन ऐन लगायत प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट संचालित विकास निर्माणको काममा आवश्यक समन्वय र सहजीकरण गर्नेतथा सम्पुर्ण जिल्लावासी, आमनागरिक, आन्तरिक तथा बाह्य पर्यटकहरूको आवतजावतमा सहजिकरण रसुरक्षा प्रदान गर्ने कार्य जिल्ला प्रशासन कार्यालयको मुख्य जिम्मेबारीमा पर्दछ।

आफ्नो कार्यालयको दैनिक प्रशासन संचालन गरी नागरिकता, राहदानी, विभिन्न प्रकृतिका सिफारिसहरु प्रदान गर्ने, विभिन्न तहका बिपद् व्यवस्थापन समितिसँग समन्वय गरी जिल्लामा आई पर्ने कोभिड लगायत सबै प्रकारका विपद्जन्य परिस्थितिहरूको उचित व्यवस्थापन गर्ने, प्रचलितकानूनको अधिनमारही आफ्नो क्षेत्राधिकार भित्रका अर्ध न्यायीक कार्यहरूको शुरू कारबाही र न्यायीक निरुपण गर्ने, सम्मानित अदालतका फैसला कार्यान्वयन गर्ने गराउने, सार्वजनिक सम्पत्तिहरूको रेखरेख र संरक्षण गर्ने तथा विभिन्न संवैधानिक निकायहरू तथा आयोगहरूले प्रत्यायोजन गरेका कार्यहरुसम्पादन गर्ने जिम्मेवारी समेत जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने गर्दछन् । यसका साथै नेपाल सरकार, विषयगत मन्त्रालयहरू, प्रदेश सरकारले विभिन्न समयमा तोकेका थप जिम्मेवारी बहन गर्ने समेत जिल्ला प्रशासन कार्यालयको कर्तव्यहो ।

जिल्ला प्रशासन कार्यालयबाट सम्पादित सबै कार्यहरुको अभिलेखिकरण गर्न सम्भव नभए पनि सम्पादित मुख्य-मुख्य कार्यहरुको अभिलेखिकरणले विगतमा भएका मुख्य कार्यहरुको अभिलेख रहने, भोलिका दिनमा सोही प्रकृतिका अन्य कार्य सम्पादन गर्न आवश्यक मार्गदर्शन र पृष्ठपोषण प्राप्त हुने, आगामी दिनहरुमा प्रभावकारी कार्यसम्पादन गर्नको लागि उपयुक्त योजना, रणनीति र प्राथमिकताहरु निर्धारण गरि सहजरूपमा कार्यान्वयन गरी लक्षित उपलब्धी प्राप्त गर्न सकिने र विभिन्न समयमा सम्पादित कार्यहरूको अभिलेखलाई दस्तावेजको रुपमासमेतउपयोग गर्न सकिने हुँदा नेपाल सरकार गृह मन्त्रालयका विभिन्न मितिका परिपत्र तथा मार्गनिर्देशनहरूलाई समेत ध्यानमाराखी आ.व. २०७९/८० को वर्षभरिमा गरिएका कियाकलापलाई समेटेर जिल्ला प्रशासन कार्यालय, पाल्पाले यो वार्षिक बुलेटिन प्रकाशन गरेको छ ।

हालसम्म अनवरत रुपमा आवश्यक मार्गदर्शन, पृष्ठपोषण, समन्वय र सहजीकरण गर्ने नेपाल सरकार, गृह मन्त्रालय र प्रदेश आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, माननीय सांसदज्यूहरु तथा माननीय प्रदेश सभा सदस्यज्यूहरु, सुरक्षा निकाय, स्थानीय तह, जिल्ला स्थित सम्पूर्ण कार्यालयहरु, राजनीतिक दल, संघ संस्था र संचारकर्मीहरु लगायत सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछु। वार्षिक कियाकलाप सम्पादन गर्ने यस अगाडीका प्रमुख जिल्ला अधिकारीज्यू र कार्यालयका सम्पूर्ण कर्मचारीहरु र वर्षभरिमा सम्पादन भएको क्रियाकलापलाई समेटेर यो बुलेटिनको स्वरुप दिने कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनमा समेत सबैको निरन्तर सहयोग, समन्वय र सहकार्यको अपेक्षा गर्दछु ।

मिति २०८०/०३/३१

बन्धु प्रसाद बास्तोला
प्रमुख जिल्ला अधिकारी

# जिल्ला प्रशासन कार्यालय पाल्पाका कर्मचारीहरु



# विषयसूची


१. जिल्ला प्रशासन कार्यालको कार्य र प्रकृति ....................१

२. पाल्पा जिल्लाको संक्षिप्त चिनारी....................२

२.१ पाल्पा जिल्लाको नक्सा....................२

२.२ जिल्लाको संक्षिप्त परीचय....................३

२.३ प्रतिनिधि सभा/राष्ट्रिय सभा/प्रदेश सभा सदस्यहरुको विवरण....................६

२.४ स्थानीय तहहरुको विवरण....................७

३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार ....................८

४. जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु ....................९

४.१ शान्ति सुरक्षा सम्बन्धी कार्य ....................९

४.२ स्थानीय प्रशासन सम्वन्धी कार्य....................९

४.३ अनुगमन सम्बन्धी कार्य....................९

४.४ बिपद् व्यवस्थापन सम्वन्धी कार्य....................९

४.५ द्धन्द पिडितहरुलाई राहत वितरण ....................९

४.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी....................९

४.७ हातहतियार इजाजत तथा नविकरण सम्बन्धी ....................१०

४.८ संस्था दर्ता तथा नविकरण सम्बन्धी सेवा....................१०

४.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा ....................१०

४.१० विविध कार्य ....................१०

५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि....................१०

६. जिल्ला प्रशासन कार्यालय, पाल्पाको संगठनात्मक संरचना एवं दरवन्दी....................१३

६.१ जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरवन्दी र कार्य विवरण ....................१४

७. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ....................१५

७.१ जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको नाम पद र सम्पर्क नम्वर....................१५

८. सेवा प्रदान गर्ने कार्यकक्षहरु....................१६

९. कार्यालय प्रमुख र सूचना अधिकारी ....................१७

१०.सम्पादन गरेको कामको बार्षिक विवरण....................१७

१०.१ बार्षिक प्रगति विवरण....................१७

१०.२ यस आ.ब.को मा दर्ता भएका संघ संस्थाहरुको विवरण....................२०

११. सम्पादन गरेको कामको बार्षिक विवरण....................२१

१२. विपद् व्यवस्थापन सम्बन्धी कार्यको विवरण ....................................................२३
१२.१ विपद् व्यवस्थापन समितिको बैठक र निर्णयहरु.............................................२३
१२.२ विपद् व्यवस्थापनको क्षेत्रमा श्रृयाशिल सरकारी तथा गैर सरकारी निकायसंग भएको समन्वयात्मक बैठक र निर्णयहरु........................................................२७
१३. कोभिड-१९ को रोकथाम नियन्त्रण र व्यवस्थापनका लागि २०७९/८० मा संचालन गरिएको बैठकको निर्णयहरु................................................................................२८
१४. विपद् व्यवस्थापनका लागि सम्पर्क व्यक्ति र नम्वर................................................२९
१४.१ स्थानीय प्रशासन अन्तर्गत...............................................................२९
१४.२ स्थानीय तह अन्तर्गत .................................................................२९
१४.३ बिषयगत कार्यालयहरु अन्तर्गत.........................................................३०
१४.४ अन्य ........................................................................................३०
१४.५ विपद् व्यवस्थापनमा देखिएका समस्याहरु ...............................................३०
१४.६ जिल्ला/स्थानीय तहका प्रमुख विपद् घट्नाहरु.............................................३१
१४.७ जिल्ला तथा स्थानीय तहहरुबाट विपद् सम्बन्धी भए गरेका अन्य उलेख्य कार्यहरु.........३१
१५. कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी ................................................३२
१६. अत्यावश्यक वस्तुको आपूर्ति र बजार अनुगमन ........................................................३२
१७. यस कार्यालयले संचालन गरेको कार्यक्रमहरु...........................................................३३
१८. नव प्रवर्धनात्मक कार्यहरु......................................................................................३७
१९. हाल सम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण ...................................................३७
२०. जिल्ला प्रशासन कार्यालयको भवन र सवारी साधनको विवरण ........................................३९
२०.१ जग्गाको विवरण..........................................................................३९
२०.२ सवारी साधनको विवरण.................................................................३९
२१. पाल्पा जिल्लामा रहेका संघीय र प्रदेश सरकार अन्तरगतका सरकारी कार्यालय र प्रमुखहरुको सम्पर्क विवरण................................................................................................४०
२२. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क विवरण......................................४२
२३. जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी गरिएको सेवा लागत समय (Time Card)...................४३
२४. नागरिक वडापत्र..................................................................................................४४
२५. तस्बीरहरु..........................................................................................................४५

## १. जिल्ला प्रशासन कार्यालय, पाल्पाको कार्य र प्रकृतिः-

जिल्लामा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ धनको सुरक्षा गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो ।नेपाल सरकार, गृह मन्त्रालय मातहतमा रहने गरी प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ ।मुलत:स्थानीय प्रशासन ऐन, २०२८ ले यस कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ ।जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, नागरिकता प्रमाण सम्बन्धी सेवा प्रदान गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुर, उपभोक्ता हित लगायत प्रचलित कानुनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको शुरु कारवाही र निर्णय गर्ने साथै विकास निर्माणका कार्यहरुमा समन्वय, सहजीकरण गर्नु जिल्ला प्रशासन कार्यालय, पाल्पाका मुख्य-मुख्य कार्यहरु हुन्।
बिद्युतीय राहदानी सम्वन्धी सेवा, राष्ट्रिय परिचयपत्र र फोटो सहितको मतदाता नामावली सम्वन्धी ईकाईको सञ्चालन गरी सेवा प्रदान गर्ने, बिभिन्न प्रकारका सिफारिस तथा प्रमाणित गर्ने कार्य, सुशासन प्रर्वद्धन गर्न पहेरीदारी गर्ने यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका बारेमा सरोकारवालाहरुलाई सुसूचित गराई प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरी प्रभावकारी बनाउने उद्धेश्य रहेको छ।

### दृष्टिकोण

नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने दृष्टिकोण रहेको छ ।

### लक्ष्य


नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै शान्ति सुरक्षा र सुशासन कायम गर्ने रहेको छ ।जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति-सुरक्षा कायम गरी सुशासनको प्रत्याभूति दिने यस कार्यालयको लक्ष्य रहेको छ।

### उद्देश्य

जिल्लामा शान्ति-सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने यस कार्यालयको मूलभूत उद्देश्यहरु रहेका छन्।

## २ पाल्पा जिल्लाको संक्षिप्त चिनारी :-

### २.१ पाल्पाको जिल्लाको नक्सा



## २.२ जिल्लाको संक्षिप्त परिचयः-

लुम्बिनी प्रदेशमा रहेका १२ जिल्ला मध्ये पाल्पा जिल्ला एक ऐतिहासिक महत्व बोकेको पहाडी जिल्ला हो । यस जिल्लाको सीमाना पूर्वमा तनहुं र नवलपरासी पूर्व, पश्चिममा अर्घाखांची र गुल्मी, उत्तरमा स्याङ्गजा, दक्षिणमा रुपन्देही र नवलपरासी पश्चिम जिल्लाहरु पर्दछन । विश्व मानचित्रमा यो जिल्ला २७ डिग्री ४० मिनेट उत्तरदेखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री १४ मिनेट पूर्वदेखी ८४ डिग्री ०२ मिनेट पूर्वी देशान्तरबीच फैलिएको छ । यस जिल्लाको क्षेत्रफल १३७३ वर्ग कि.मी. रहेको छ । यो जिल्ला समुन्द्री सतहबाट करिव २०० मि. देखि २००० मि. उचाई सम्म फैलिएको छ । उष्ण जलवायु देखि समशितोष्ण हावापानी पाईने यस भूमिमा प्राकृतिक वनस्पती एवं जैविक विविधता पाईन्छ । यस जिल्लाको सरदर औषत तापक्रम २३ डिग्री सेल्सियस भएपनि गर्मी याममा ३५ डिग्री सेल्सियस भन्दा बढी र जाडोयाममा ३.७ डिग्री भन्दा कम हुंदैन । सेनवंशी र मगराँती पृष्ठभूमि वोकेको पाल्पा जिल्लालाई इतिहास, कला, शिक्षा, संस्कृति, रहन, सहन र सभ्यताको धनी मानिन्छ । पाल्पा जिल्ला राणाकालको चार कमाण्डरहरु मध्ये एक रहने तत्कालिन समयको सबै भन्दा ठूलो प्रशासनिक इकाईको रुपमा रहेको थियो । सुदुर पश्चिमका जनताले गल्ती गरेमा पाल्पा चलान गर्ने भन्ने भनाईले पनि यो पश्चिम नेपालकै राजधानीको रुपमा रहेको पुष्टि हुन्छ । सत्यवती ताल, सीता कुण्ड र प्रभास ताल यस जिल्लाका मुख्य ताल तथा कुण्डहरु हुन् । रामपुर, माडी, अर्गली, कचल, दर्पुक जस्ता फाँट र कालीगण्डकी तट यहाँको कृषि उत्पादनको हिसावले मुख्य अन्न भण्डार हुन् । हृषीकेश मन्दिर, रम्भादेवी मन्दिर, कालभैरव मन्दिर र उक्त मन्दिरमा रहेको एशियाकै सबै भन्दा ठूलो पित्तलको त्रिशुल, अर्गली दरवार, रानीघाट स्थित रानीमहल, गोखुङ्गा, रिम्घालेक, रिव्दीकोट, हात्तीलेक, बल्ढेङ्गगढी र कोलडांडाको सत्यवती ताल जस्ता ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलको छुट्टै महत्व रहेको छ । स्थानीय तहको पुनः संरचना पश्चात दुई वटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र रही १० वटा स्थानीय तहमा विभाजन गरिएको पाल्पा जिल्लामा २ नगरपालिका र ८ गाउँपालिका रहेका छन् । जसमा जम्मा ८१ वटा वडाहरू रहेका छन ।

तानसेन यस जिल्लाको सदरमुकाम हो । प्राकृतिक सुन्दरताको दृष्टिले असाध्यै सुन्दर यस तानसेनलाई नेपालको दार्जिलिङ्ग पनि भन्ने गरिन्छ । यसै शहरको मुकुटको रुपमा रहेको श्रीनगरडाँडा यहांको आकर्षण तथा गहना हो ।श्रीनगरडाँडा प्राकृतिक छटाले भरिपूर्ण छ । जहाँबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण जस्ता हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिन्छ । तानसेनको ऐतिहासिक पृष्ठभूमी अत्यन्त रोचक छ । मुसलमानहरुले भारतमा आक्रमण गर्दा धेरै राज्यका हिन्दु वंशहरु उत्तरी क्षेत्रतर्फ भागेर आए । पन्ध्रौं शताब्दीमा तिनीहरु हिमाली प्रदेशतर्फ प्रवेश गरे र तिनीहरुले आफनै छुट्टै राज्य स्थापना गरे । त्यस समयमा रुद्र सेनले पाल्पामा सेन वंशीय राज्य विस्तार गरे जसको राजधानी तानसेन बन्न पुग्यो । पौराणिक किम्बदन्ती अनुसार तानसेन भन्ने शब्द सेन वंशका राजाको नामबाट ताम्रसेनको रुपमा रहेको थियो । अर्को मान्यता अनुसार मगर शब्द तान्सिङबाट तानसेन बन्न गयो भन्ने पनि रहेको छ। जसको अर्थ उत्तरी बस्ती भन्ने बुझाउँछ । पाल्पा दरवार (खडग शमशेरद्वारा निर्माण र प्रताप शमशेरद्वारा पुनर्निर्माण गरिएको पाल्पा दरवार), अमरसिंह थापाले निर्माण गरेको अमर नारायणको कलात्मक मन्दिर र अमरनारायण पौवा (अमरगञ्ज), कर्णेल उजिरसिंह थापाले निर्माण गरेको रणउजिरेश्वरी भगवती मन्दिर, निशान भगवती मन्दिर , बग्गी ढोका,

मूलढोका, विजय स्तम्भ, सितलपाटी, पश्चिमी शैलीमा निर्माण भएको त्रिभुवन बहुमुखी क्याम्पस, ढुंगा छापिएका सडक र गल्ली, गुफाचौर, माण्डव्य तपोभुमी , पारीलेक वन, काली गण्डकी नदीको किनारमा खडग शमशेरद्वारा आफ्नो प्रिय रानी तेजकुमारी देवीको सम्झनामा निर्माण गरिएको रानीमहल दरवार (यसलाई नेपालको ताजमहल पनि भनिन्छ), प्रभास ताल आदि यहाँका दर्शनीय स्थल एवं महत्वपूर्ण संरचनाहरु हुन । हातले बुनेको ढाका टोपी र ढाकाको कपडा (जसलाई पाल्पाली ढाका पनि भनिन्छ) र करुवाको लागि यो ठाउँ प्रख्यात छ।महत्वपूर्ण र दर्शनिय स्थलहरुको कारणले यो क्षेत्र पर्यटकीय गन्तव्यको रुपमा पनि अगाडी बढ्दै छ।शैक्षिक केन्द्रको रुपमा अग्रणी भूमिका खेल्दै आएको सदरमुकामको आसपासमा अवस्थित मेडिकल कलेज तथा नर्सिङ्ग कलेजहरुमा विद्यार्थीहरु अध्ययनको लागि देशका विभिन्न स्थानहरुबाट यहाँ आउने गरेकोले पश्चिम पहाडमा यो जिल्ला शैक्षिक केन्द्रको रुपमा पनि थप विकसित हुंदै गईरहेको छ ।

सबै भन्दा बढि ५३.३% मगर जातिले बसोबास गर्ने यस जिल्लाका अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन् । बैदेशिक रोजगारको लागि छिमेकी राष्ट्र भारत तथा खाडी राष्ट्रमा गएका मानिसहरुको संख्या पनि उल्लेख्य रहेको पाईन्छ। यस जिल्लामा बुटवल स्याङ्गजा हुंदै पोखरा जाने सिद्धार्थ राजमार्ग र तानसेन हुंदै गुल्मी जाने दुई मुख्य राजमार्गहरु रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार पाल्पा जिल्लाको कूल जनसंख्या २,४५,०२७ रहेको छ, जसमध्ये पुरुष १,१२,७७६ (४६.१८%) र महिला १,३२,२६६ (५३.८२%) रहेका छन् ।

पाल्पा जिल्लाका धार्मिक तथा पर्यटकीय स्थलहरु



भैरब मन्दिर



भगवती मन्दिर



निशान भगवती



हृषीकेश मन्दिर



पाल्पा दरवार संग्रालय



ताल पोखरा



उत्तर बाहिनि कालिगण्डकी नदी



रानीमहल



रम्भादेवी मन्दिर



रिमिघा पर्यटकीय क्षेत्र



सदरमुकाम तानसेन



सिद्धबाबा मन्दिर

## भौगोलिक अवस्था

अक्षांस : २७ डिग्री ४० मिनेट देखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश
देशान्तर: ८३ डिग्री १४ मिनेट देखि ८४ डिग्री २ मिनेट पूर्वी देशान्तर
सीमाना: पूर्व - तनहुं र नवपरासी पूर्व
पश्चिम - अर्घाखांची र गुल्मी
उत्तर - स्याङ्जा
दक्षिणमा - रुपन्देही र नवलपरासी पश्चिम
क्षेत्रफल: १३७३ वर्ग कि.मी.
उचाइ : समुन्द्री सतहबाट करिब २०० मि. देखि २००० मि. सम्म फैलिएको

## २.३. प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, प्रदेश सभा सदस्य तथा प्रदेश सभा समानुपातिक सदस्यहरुको विवरण

### प्रतिनिधि सभा सदस्य: प्रत्यक्ष तर्फ

| सि.नं. | दल | निर्वाचन क्षेत्र नं. | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | ने.क.पा.एमाले | १ | माननीय नारायण प्रसाद आचार्य | ९८५७०६०५८४ |
| २ | ने.क.पा.एमाले | २ | माननीय ठाकुर प्रसाद गैरे | ९८५७०६०९८८ |

### राष्ट्रिय सभा सदस्य

| सि.नं. | दल | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | ने.क.पा.समाजवादी | माननीय राजेन्द्रलक्ष्मी गैरे | ९८५७०६५२५५ |

## प्रदेश सभा सदस्य : प्रत्यक्ष तर्फ

| सि.नं. | दल | निर्वाचन क्षेत्र नं. | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | ने.क.पा.एमाले | १ क | माननीय राजु प्रसाद श्रेष्ठ | ९८५७०६०५११ |
| २ | ने.क.पा.एमाले | १ ख | माननीय खेम बहादुर सारु | ९८५७०६०४४४ |
| ३ | नेपाली काँग्रेस | २ क | माननीय बिर बहादुर राना | ९८५७०६०७७५ |
| २ | ने.क.पा. माओवादी | २ ख | माननीय तुलाराम घर्ति मगर | ९८५७०८५४९८ |

## प्रदेश सभा सदस्य : समानुपातिक तर्फ

| सि.नं. | दल | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | ने.क.पा.एमाले | माननीय ईन्द्रा गहतराज | ९८५७०८५४९८ |

## २.४. पालिका प्रमुख /उप प्रमुखहरु तथा स्थानीय तहहरुको विवरण

| सि.नं. | स्थानीय तह | प्रमुख/उपप्रमुख अध्यक्ष/उपाध्यक्षको नाम | सम्पर्क नं. | क्षेत्रफल / वर्ग किलोमिटर | जनसंख्या | केन्द्र | वडा संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | नगरप्रमुख सन्तोषलाल श्रेष्ठ | ९८५७०६०३५३ | १०९.८ | ५०७९२ | तानसेन | १४ |
| | | उपप्रमुख प्रतिक्षा सिंजाली | ९८४७१०२८४९ | | | | |
| २ | रामपुर नगरपालिका | नगरप्रमुख रमण बहादुर थापा | ९८५१०३३९२१ | १२३.३४ | ४०८८३ | रामपुर | १० |
| | | उपप्रमुख बाल कुमारी थापा | ९८४७१८०५८८ | | | | |
| ३ | रैनादेवी छहरा गाउँपालिका | अध्यक्ष रुकमांगत भट्टराई | ९८४९०७७०२९ | १७५.८८ | २३१४९ | छहरा | ८ |
| | | उपाध्यक्ष युवराज थापा | ९८५७०६२०६३ | | | | |
| ४ | रिब्दीकोट गाउँपालिका | अध्यक्ष नारायण बहादुर कार्की | ९८५७०६०३८३ | १२४.५५ | १५४७३ | खस्यौली | ८ |
| | | उपाध्यक्ष कान्ता अधिकारी | ९८५७०६२३५८ | | | | |
| ५ | | अध्यक्ष प्रेम श्रेष्ठ | ९८५७०६०६५८ | २०२ | १७७७७ | दोभान | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तिनाउँ गाउँपालिका | उपाध्यक्ष लाल बहादुर थापा | ९८४७१५१०२५ | | | | |
| ६ | निस्दी गाउँपालिका | अध्यक्ष मुक्त बहादुर सारु | ९८५७०४८०१२ | १९४.५ | १८१२० | मित्याल | ७ |
| | | उपाध्यक्ष तिरन कुमारी श्रेष्ठ | ९८४०१९३५०४ | | | | |
| ७ | पूर्वखोला गाउँपालिका | अध्यक्ष नुन बहादुर थापा | ९८५७०६५५४४ | १३८.५ | १६०५२ | रिङ्नेरह | ६ |
| | | उपाध्यक्ष भागिरथी शर्मा भट्टराई | ९८५७०६९०४५ | | | | |
| ८ | बगनासकाली गाउँपालिका | अध्यक्ष सरस्वती चिदी | ९८४७०४२२६६ | ८४.१७ | १८४९७ | चिर्तुङधारा | ९ |
| | | उपाध्यक्ष हरि पाठक | ९८५७०६८४७७ | | | | |
| ९ | माथागढी गाउँपालिका | अध्यक्ष यम बहादुर चिदी | ९८५७०६०२३१ | २१५.५९ | २४०५३ | झडेवा | ८ |
| | | उपाध्यक्ष बिष्णुमायाँ लुईचे | ९८६७०४०१६४ | | | | |
| १० | रम्भा गाउँपालिका | अध्यक्ष बिष्णु भण्डारी | ९८४७२२५७७९ | ९४.१२ | १७१५५ | पिपलडाँडा | ५ |
| | | उपाध्यक्ष राधा कुमारी श्रेष्ठ | ९८४७४९७०४३ | | | | |

**संस्थागत जनसंख्या - ३०७६**

## ३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति,सुरक्षा र सुव्यवस्था कायम राख्ने ।
- जिल्लामा संचालित विकासको कार्यहरुमा सहयोग र समन्वय गर्ने
- जिल्ला भित्र रहेका नेपाल सरकारको सम्पत्तिहरूको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।
- नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने
- बिद्युतीय राहदानी सम्बन्धी कार्य गर्ने ।
- हातहतियारको इजाजत प्रदान तथा नविकरण गर्ने ।
- जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।
- जिल्लामा बस्तुहरुको आपूर्तीलाई व्यवस्थित गर्ने ।
- जिल्ला स्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।
- प्रचलित कानून, नीति, निर्देशन बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।
- सस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता तथा नविकरण गर्ने

- स्थानीय प्रशासन ऐन र अन्य प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिलाको कारवाही र किनारा गर्ने ।
- प्रचलित कानुन र नेपाल सरकारको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

## ४.जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु

### ४.१ शान्ति सुरक्षा सम्बन्धी कार्य:.

- जिल्लामा शान्ति-सुरक्षा कायम राख्ने ।
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने ।
- सुरक्षा निकायहरुको परिचाल गर्ने ।
- शान्ति-सुरक्षा सम्बन्धी निवेदन, ठाडो उजुरी र गुनासो व्यवस्थापन ।
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसँग सहकार्य गर्ने ।

### ४.२ स्थानीय प्रशासन सम्बन्धी कार्य:

- नागरिकता वितरण
- वंशजको आधारमा नागरिकता
- अंगिकृत नागरिकता
- राहदानी सिफारिश तथा वितरण।
- नाबालक परिचयपत्र।
- जनजाती/दलित प्रमाणित।
- साविकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- हातहतियार र खरखजानाको इजाजत, नविकरण र नियन्त्रण।
- संस्था दर्ता, संस्था नविकरण, विधान संशोधन, पत्रिका दर्ता, छापाखाना दर्ता र संचालन स्वीकृती।

### ४.३ अनुगमन सम्बन्धी कार्य:

- बजार अनुगमन (स्थानीय तहको समन्वयमा)
- जिल्ला स्थित कार्यालयहरुको समन्वय र अनुगमन
- विकास निर्माण कार्यमा सहयोग, समन्वय र सहजीकरण

### ४.४ विपद व्यवस्थापन सम्बन्धी कार्य:

- जिल्ला विपद् सम्बन्धी कार्ययोजना निर्माण
- मनसुनपूर्व आपतकालीन कार्ययोजना
- विपद् न्यूनीकरणका लागि तयारी
- विपद प्रतिकार्य पूर्वयोजना, खोजी, उद्दार, सहयोग, क्षतिपूर्ति

### ४.५ द्वन्द्व पिडितहरुलाई राहत वितरण।

### ४.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी

- सार्वजनिक मुद्दा।
- गुनासो वा ठाडो उजुरी।

## ४.७ हातहतियार इजाजत तथा नविकरण सम्बन्धी

- हातहतियार नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण।

## ४.८ संस्था दर्ता तथा नविकरण सम्बन्धी सेवा

- संस्था दर्ता/नविकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

## ४.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा

- नागरिकता प्रमाण पत्र लिएका व्यक्तिहरुको वैयक्तिक तथा जैविक विवरण संकलन गर्ने।
- राष्ट्रिय परिचयपत्र नम्बर र कार्ड वितरण गर्ने।

## ४.१० विविध कार्य

- गुनासो सुनुवाई गर्ने ।
- विकास आयोजनाहरुको कार्यान्वयनमा समन्वय गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गर्ने ।
- सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने ।
- नेपाल सरकार, गृह मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, संवैधानिक नियामक निकायहरु लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने ।

## ५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

| सि.नं. | सेवाको किसिम | दस्तुर | सेवाको समय लागत |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र- | | |
| | क) वंशजको आधारमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ख) बैवाहिक अङ्गिकृत नागरिकताको हकमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ग) नागरिकता प्रतिलिपि | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| २ | क) नाता प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ख) नाबालक परिचयपत्र | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ग) नाम थर प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पेन्सन सम्बन्धि कागजात सिफारिस | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |
| | ङ) अन्य विवरण प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |

| | | | |
|---|---|---|---|
| | च) जनजाती/दलित प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ३ | क) ठाडो उजुरी | रु. १० को हुलाक टिकट | १५ मिनेट भित्रै |
| | ख) संस्था दर्ता | रु.१,००० ।- | अंग पुर्याई पेश भएकोमा सोही दिन (प्रहरी प्रतिवेदन र सम्बन्धित निकायबाट जवाफ प्राप्त भएको दिन) |
| | ग) संस्था नविकरण | रु ५००।- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पत्रिका दर्ता | रु.१,००० ।-, ७५०।-, ५००।-, ३००।- र २००।- क्रमश: दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक, पाक्षीक र मासिक र अन्य | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ङ) छापाखाना दर्ता | रु.१,००० ।- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) हातहतियार इजाजत | तोकिए बमोजिम । | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | छ) हातहतियार नवीकरण | तोकिए बमोजिम । | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ज) शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नाम, थर र उमेर संशोधन | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ४. | विद्युतीय राहदानी<br>क) केन्द्रबाट लिनको लागि | रु. १२,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ख) बिग्री च्यातिई काम नलाग्ने भएको वा हराएको | रु.१०,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ग) यसै कार्यालयबाटलिने वा म्याद नाघेको राहदानी | रु.५,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| ५ | दैवी प्रकोप राहत | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |

## ६. जिल्ला प्रशासन कार्यालय पाल्पाको संगठनात्मक संरचना एवं दरबन्दी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय पाल्पा

**प्रमुख जिल्ला अधिकारी**
रा.प.प्रथम, प्रशासन, सा.प्र. -१

निजी सहायक ना.सु.( प्र.सा.प्र. रा. प. अनं. प्र.)-१
ह.स.चा. श्रेणी विहिन-१,
का.स. श्रेणी विहिन-१

**सहायक प्रमुख जिल्ला अधिकारी**
रा.प. द्वितीय, प्र.सा.प्र.-१

प्रशासकीय अधिकृत /रा.प.तृतीय) प्र. सा.प्र.-१

- **स्थानीय प्रशासन तथा शा.सु. शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र.)-१
  खरिदार ( प्र. सा.प्र. रा.प.अनं.द्वि.)-१
  का.स. श्रेणी विहीन-१
  ह.स.चा. श्रेणी विहीन-१
- **नागरिकता तथा प्रतिलिपि शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र.)-२
  क.अ. (विविध रा.प.अनं.प्र.)-१
  खरिदार (प्र. सा.प्र. रा.प.अनं.द्वि).-१
  का.स. श्रेणी विहीन-१
- **आर्थिक प्रशासन शाखा**
  लेखापाल( प्र. लेखा रा.प.अनं.प्र.)-१
  का.स.श्रेणी विहीन-१

प्रशासकीय अधिकृत /रा.प.तृतीय), प्र. सा. प्र.-१

- **राहदानी तथा जिन्सी दर्ता शाखा**
  ना.सु. ( प्र.सा.प्र.रा.प.अनं.प्र.)-१
  क.अ.( विविध रा.प.अनं.प्र.)-१
  खरिदार (प्र.सा.प्र.रा.प.अनं.द्वि)१
  का.स. श्रेणी विहीन-१
- **गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र)-२
  का.स. श्रेणी विहीन-१
- **मुद्दा तथा हातहतियार शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र)-१
  खरिदार (प्र.सा.प्र. रा.प.अनं.द्वि)१
  का.स. श्रेणी विहीन-१

## ६.१ जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी र कार्य विवरणः-

| सि.नं. | पद | श्रेणी | संख्या | पूर्ति | कार्य बिवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | १ | १ | जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने । | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितीय | १ | १ | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | २ | २ | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | ७ | ७ | फाँट प्रमुख भई सम्वन्धित फाँटले गर्ने तोकिएका कार्यहरु सम्पादन गर्ने। | |
| ५ | लेखापाल | रा.प.अनं प्रथम | १ | १ | आर्थिक ऐन तथा नियमावली बमोजिम लेखा सम्बन्धि कार्य गर्ने । | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | २ | १ | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धि कार्य गर्ने । | १ करार सेवामा |
| ७ | खरिदार | रा.प.अनं.द्धितीय | ४ | १ | सम्वन्धित फाँट प्रमुखको मातहतमा रही तोकिएको कार्य सम्पादन गर्ने। | लोक सेवा आयोगमा माग भएको |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | २ करार सेवामा |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | कार्यालयको सरसफाइ लगायत आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | |
| | जम्मा स्थायी दरबन्दी संख्या | | २७ | २३ | | |
| १० | राष्ट्रिय परिचय पत्र विवरण दर्ता अपरेटर | | २ | २ | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्ने | |
| ११ | राष्ट्रिय परिचय पत्र दर्ता सहयोगी | | १ | १ | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्न सहयोग गर्ने | |
| १२ | कम्प्यूटर अपरेटर | | १ | - | नेपाली नागरिकहरुको विद्युतीय राहदानी प्रविष्ट गर्ने। | |

## ७. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | नागरिकता तथा प्रतिलिपी शाखा | यज्ञश्वर पन्थी, प्रशासकीय अधिकृत (९८५७०६१७५६) | सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा राना ९८५७०६०३३३ |
| २ | मुद्दा,संघ संस्था तथा हातहतियार शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत (९८५७०६५५९०) | |
| ३ | राहदानी तथा जिन्सी दर्ता शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत | |
| ४ | अभिलेख व्यवस्थापन शाखा | यज्ञश्वर पन्थी, प्रशासकीय अधिकृत | |
| ५ | आर्थिक प्रशासन शाखा | मन बहादुर थापा, लेखापाल (९८५७०७७५०१) | |
| ६ | राष्ट्रिय परिचयपत्र | मधु पाण्डे विवरण दर्ता अपरेटर (९८६६२६७६७९) | |

## ७.१ जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीको नाम, पद र सम्पर्क नम्वर

| क्र.सं. | पद | नाम थर | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | बन्धु प्रसाद बास्तोला | ९८५७०५७७७७ |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | भक्ति सरा राना | ९८५७०६०३३३ |
| ३ | प्रशासकीय अधिकृत | यज्ञश्वर पन्थी | ९८५७०६१७५६ |
| ४ | प्रशासकीय अधिकृत | रमा श्रेष्ठ | ९८५७०६५५९० |
| ५ | लेखापाल | मन बहादुर थापा | ९८४७१७७५०१ |
| ६ | नायब सुब्बा | टेक बहादुर घर्ती | ९८६७१९०७७९ |
| ७ | नायब सुब्बा | मनोज आचार्य | ९८४७०६८२०६ |
| ८ | नायब सुब्बा | दोमराज अर्याल | ९८६७१९०७७९ |
| ९ | नायब सुब्बा | इन्दिरा श्रेष्ठ कार्की | ९८४७१०३३७१ |
| १० | नायब सुब्बा | धन बहादुर राना | ९८४३८९६८९६ |
| ११ | नायब सुब्बा | मन बहादुर परियार | ९८६६६१६९४० |
| १२ | कम्प्युटर अपरेटर | राज कुमार कापड | ९८६४०३७२३९ |
| १३ | खरिदार | टंक नाथ घिमिरे | ९८४७१०१९५० |
| १४ | कम्प्युटर अपरेटर (करार) | योगमागा गाहा | ९८४७१००८४९ |
| १५ | दर्ता अपरेटर (करार) | मधु पाण्डे | ९८६६२६७६७९ |

| | | | |
|---|---|---|---|
| १६ | कम्प्यूटर अपरेटर (करार) | अमृता पोखेल | ९८६७७८८४०६ |
| १७ | दर्ता सहयोगी (करार) | अनिता थापा | ९८२७५०५३४८ |
| १८ | हलुका सवारी चालक (करार) | कृष्ण बहादुर राना | ९८४४७८९९९९ |
| १९ | हलुका सवारी चालक (करार) | सुरेश खाती | ९८६०७८११५० |
| २० | कार्यालय सहयोगी | देवकी श्रेष्ठ कर्माचार्य | ९८४७८३८६३५ |
| २१ | कार्यालय सहयोगी (करार) | नेत्र बहादुर खाती | ९८४७०६७६३५ |
| २२ | कार्यालय सहयोगी (करार) | अमर बहादुर बोहरा | ९८६७२०६४९० |
| २३ | कार्यालय सहयोगी (करार) | एक बहादुर गाहा | ९८४७२२२८९१ |
| २४ | कार्यालय सहयोगी (करार) | दिना देवी नकर्मी | ९८४४७२०५३७ |

## ८. सेवा प्रदान गर्ने कार्यकक्षहरु

| कोठा नं. | कार्यकक्ष विवरण | कैफियत |
|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष | दोस्रो तला |
| २ | इजलास कक्ष | दोस्रो तला |
| ३ | सभाहल | दोस्रो तला |
| ४ | सहायक प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष | पहिलो तला |
| ५ | हातहतियार, मुद्दा तथा संघ संस्था शाखा | पहिलो तला |
| ६ | आपतकालिन कार्य सन्चालन केन्द्र | पहिलो तला |
| ७ | अभिलेख शाखा | पहिलो तला |
| ८ | जिन्सी शाखा | पहिलो तला |
| ९ | आर्थिक प्रशासन शाखा | पहिलो तला |
| १० | प्रशासन शाखा | भूईतला |
| ११ | प्रशासकीय अधिकृतको कार्यकक्ष | भूईतला |
| १२ | सूचना प्रविधि शाखा | भूईतला |
| १३ | नागरिकता शाखा | भूईतला |
| १४ | राहदानी शाखा | भूई तला |
| १५ | राष्ट्रिय परिचयपत्र दर्ता | भूईतला |
| १६ | प्रशासकीय अधिकृतको कार्यकक्ष | भूईतला |

## ९. कार्यालय प्रमुख र सूचना अधिकारी :-

क) कार्यालय प्रमुखः-

नाम : बन्धु प्रसाद बास्तोला

पद : प्रमुख जिल्ला अधिकारी

ख) सूचना अधिकारीः-

नाम :भक्ति सरा राना

पद : सहायक प्रमुख जिल्ला अधिकारी

## १०. सम्पादन गरेको कामको बार्षिक विवरणः-

### १०.१. बार्षिक प्रगती विवरण

| आर्थिक बर्ष २०७९/०८० को बार्षिक प्रगति | | | |
|---|---|---|---|
| क्र.सं. | शाखा | कार्यको विवरण | संख्या |
| १ | प्रशासन शाखा | नाबालिक परिचय पत्र | ३२४ |
| २ | | व्यक्ति प्रमाणित लगायत पेन्सन सिफारिस | २२६१ |
| ३ | | राष्ट्रिय परिचयपत्र विवरण संकलन | १८२८६ |
| ४ | | फोटो सहितको मतदाता नामावली संकलन | ११६१ |
| १ | नागरिकता शाखा | बंशजको आधारमा नयाँ नागरिकता वितरण | १११३४ |
| २ | | प्रतिलिपि नागरिकता वितरण | ४४७५ |
| ३ | | वैवाहिक अंगिकृत नागरिकता वितरण | १ |
| ४ | | अनुसूचि अनुसार CIMS संशोधन | ९३ |
| १ | राहदानी शाखा | विद्युतिय राहदानी दर्ता | १२९७५ |
| २ | | विद्युतिय राहदानी द्रुत सिफारिस | ४९१ |
| ३ | | एम.आर.पि./ विद्युतीय राहदानी वितरण | १२८२३ |
| १ | लेखा (राजश्व तर्फ) | संस्था दर्ता / नविकरण | २५६६५०/- |
| २ | | हातहतियार (नविकरण र नामसारी) | २२१५००/- |
| ३ | | राहदानी दस्तुर | ६९६१०२००/- |
| ४ | | अन्य प्रशासनिक | ६५००/- |
| ५ | | प्रशासनिक दण्ड जरिवाना र जफत | २५११००/- |
| ६ | | न्यायिक दण्ड जरिवाना र जफत | ० |
| ७ | | बेरुजु असुली (बेरुजु नभएको) | १८१६७/- |

| | | | |
|---|---|---|---|
| १ | विपद् व्यवस्थापन तर्फ | विपद् सम्बन्धी राहत वितरण (आगजनी, चट्याङ, बर्षा) | २३५२१५६५/- |
| २ | | द्वन्द पिडित | ३२४०००/- |
| १ | चालु/पूँजीगत खर्च विवरण | पूँजिगत तर्फ कूल खर्च | ७७८१०९/- |
| २ | | चालु तर्फ कुल खर्च | १९९२५४१८/- |
| १ | मुद्धा शाखा | हातहतियार नविकरण | ४१ |
| २ | | हात हतियार लगतकट्टा | १ |
| ३ | | संस्था दर्ता | २० |
| ४ | | संस्था नविकरण | १४० |
| ५ | | मुद्दा दर्ता | ३६ |
| ६ | | मुद्दा फैसला | ४१ |
| ७ | | ठाडो उजुरी परेको संख्या | ५९ |
| ८ | | ठाडो उजुरी फछ्यौट संख्या | ५७ |
| ९ | | विस्फोटक पदार्थ फोरम्यान (नाइके)इजाजत पत्र | ५ |
| १० | | विस्फोटक पदार्थ इजाजत पत्र फोरम्यान (नाइके) नविकरण | २३ |
| ११ | | संस्थाको विधान संशोधन | ३ |
| १२ | | अन्य जिल्लामा दर्ता भई यस जिल्लामा शाखा विस्तारको लागि स्विकृती दिएको संस्थाको संख्या | १ |
| १ | खाद्य तथा गुणस्तर सम्बन्धी अनूगमन तथा नियमन | खाद्य नमूना संकलन | ३४ |
| २ | | सर्विलेन्स सर्भिस संकलन | २५ |
| ३ | | खाद्य सम्बन्धी मुद्दा दायर | ० |
| १ | कार्यालय अनुगमन र बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य | संयुक्त बजार अनुगमन | १६ |
| २ | | कार्यालय अनुगमन | २० |
| ६ | | संघ/संस्थाको अनुगमन | २३ |
| १ | सुरक्षा निकायहरुको निरीक्षण | सुरक्षा निकायहरुको अनुगमन (जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी) | १३ |
| २ | | कारागारको निरीक्षण | ३ |

| | | | |
|---|---|---|---|
| ३ | | बालगृह असहाय आश्रम निरीक्षण | १ |
| १ | महत्वपूर्ण बैठकहरु | कार्यालय प्रमुख बैठक | ९ |
| २ | | कार्यालय कर्मचारी बैठक | १२ |
| ३ | | जिल्ला सुरक्षा समितिको बैठक | ३० |
| ४ | | अन्तर जिल्ला सुरक्षा बैठक | ३ |
| ५ | | जिल्ला विपद् व्यवस्थापन समितको बैठक | ६ |
| ६ | | जिल्ला कोभिड व्यवस्थापन समिति (DCCMC) बैठक | १ |
| ७ | | सूचना अधिकारीहरुसंगको बैठक | ४ |
| ८ | | लुम्विनी प्रदेशका माननीय मुख्यमन्त्री प्रदेश माननीय नि.सचिव र जिल्ला स्थित कार्यालय प्रमुखहरुसंग अन्तरक्रिया तथा निर्देशन सम्वन्धी बैठक | १ |
| ९ | | संघीय माननीय,प्रदेश माननीय,जिल्ला समन्वय प्रमुख, स्थानीय तहका प्रमुख, जिल्ला स्थित कार्यालयका प्रमुख, राजनीतिक दलका प्रमुखहरु तथा पत्रकारसंग अन्तरक्रियात्मक समन्वय बैठक | १ |
| १० | | जिल्लामा क्रियाशिल राजनीतिक दलसंग समन्वय बैठक | ४ |
| ११ | | जिल्लामा क्रियाशिल पत्रकारहरुसंग समन्वय बैठक | १ |
| १२ | | जिल्ला अनुगमन तथा मूल्याङकन समितिको बैठक | ५ |
| १३ | | विपद व्यवस्थापन क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी निकायसंग समन्वयात्मक वैठक | २ |
| १४ | | पूर्ण समय व्यवसाय संचालन सम्वन्धी अनुगमन समितिको बैठक | १ |
| १५ | | जग्गा सिफारिस समितिको बैठक | - |
| १६ | | मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिको बैठक | ६ |
| १७ | | राजमार्गमा (सडक) हुने अवरोध हटाउन जिल्ला स्तरीय समन्वय समितिको बैठक | ४ |
| १८ | | कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय अनुगमन तथा मूल्याङकन समितिको बैठक | ४ |
| १९ | | एम्बुलेन्स व्यवस्थापन समितिको बैठक | २ |

| | | | |
|---|---|---|---|
| २० | | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) जिल्ला समितिको बैठक | १ |
| १ | किरिया खर्च | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको किरिया खर्च रकम | ५१२५०००/- |
| २ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको बीमा रकम | १६२७६०००/- |
| १ | कोभिड -१९ सम्बन्धी श्रावण महिना देखि असार मसान्तसम्म | संक्रमित | ५२६ |
| २ | | सक्रिय केस | - |
| | | मृत्यु | १ |

## १०.२ यस आ.ब.मा दर्ता भएका संस्थाहरुको विवरण

| सि.नं. | दर्ता नं. | दर्ता मिति | संस्थाको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | २०७ | २०७९/०४/१८ | श्री अन्नपूर्णेश्वर महादेव मन्दिर व्यवस्थापन समिति | वगनासकाली-७ |
| २ | २०८ | २०७९/०४/२३ | प्रजातन्त्र सेनानी अध्ययन प्रतिष्ठान | निस्दी-७ |
| ३ | २०९ | २०७९/०४/२३ | मस्जिद व्यवस्थापन समिति | तानसेन-५ |
| ४ | २१० | २०७९/०५/२३ | कालिका मन्दिर व्यवस्थापन समिति | रैनादेवी छहरा-५ |
| ५ | २११ | २०७९/०६/०४ | विश्वम्भर महादेव मन्दिर संरक्षण समिति | तानसेन-८ |
| ६ | २१२ | २०७९/०६/३१ | सारथी नेपाल | तानसेन ६ |
| ७ | २१३ | २०७९/०७/१५ | अष्टभुजा बद्रीनारायण धाम, पाल्पा रनुवा | तानसेन १४ |
| ८ | २१४ | २०७९/०७/२१ | नेवा:गुठी तानसेन | तानसेन ६ |
| ९ | २१५ | २०७९/०८/१९ | बसन्तपुर मन्दिर व्यवस्थापन समिति | तिनाउ ३ |
| १० | २१६ | २०७९/०९/०५ | नर्मदेश्वर महादेव मन्दिर संरक्षण समिति | रामपुर १० |
| ११ | २१७ | २०७९/०९/१९ | राधा माधव समिति | तानसेन २ |
| १२ | २१८ | २०७९/०९/२८ | रानीवास देविस्थान आमा समूह | रामपुर ८ |
| १३ | २१९ | २०७९/११/२९ | पूर्वी पाल्पा युवा क्लव | रामपुर ३ |

| | | | | |
|---|---|---|---|---|
| १४ | २२० | २०७९/११/२९ | श्री अमृत महिला समूह | निस्दी ४ |
| १५ | २२१ | २०७९/११/२९ | न्यू नेशनल युवा क्लव | माथागढी ३ |
| १६ | २२२ | २०७९/१२/१० | नयाँ शुरुवात नेपाल | तानसेन १ |
| १७ | २२३ | २०७९/१२/२९ | श्री कुमारी देवी मन्दिर संरक्षण समिति | रैनादेवी छहरा ७ |
| १८ | २२४ | २०८०/०१/०६ | श्री शिवालय मन्दिर व्यवस्थापन समिति | बगनासकाली ८ |
| १९ | २२५ | २०८०/०१/११ | माधव-दमयन्ती स्मृती प्रतिष्ठान | तानसेन ३ |
| २० | २२६ | २०८०/०१/२४ | कानुङ मगर समाज | रामपुर १० |

## ११. सम्पादन गरेको कामको बार्षिक विवरणः-

- पाल्पा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ बमोजिम कार्यान्वयन भएको ।
- पाल्पा जिल्लाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० पारित भै कार्यान्वयन भएको ।
- Crime Map सहित पाल्पा जिल्लाको एकिकृत रणनीतिक सुरक्षा योजना (क्षेत्रगत कार्ययोजना), २०७९ स्वीकृत भई कार्यान्वयन भएको ।
- चाडपर्व लक्षित विशेष सुरक्षा योजना, २०७९ तयार गरी कार्यान्वयन भएको ।
- QRT/ IRT परिचालन जिल्लास्तरीय योजना, २०७९ स्वीकृत गरी कार्यान्वयन भएको ।
- पाल्पा जिल्लाको राजमार्ग सुरक्षा कार्ययोजना, २०७९ र रोष्टर तयार गरि कार्यान्वयन भएको ।
- राजनैतिक दल तथा पत्रकार संग समन्वय बैठक तथा कार्यालयको बार्षिक समिक्षा गरिएको ।
- प्रमुख जिल्ला अधिकारीबाट ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय र प्रहरी चौकीको निरीक्षण गरी चाडपर्व लक्षित जिल्ला सुरक्षा योजना कार्यान्वयन गर्न, कर्तव्यपालन गर्न, सम्भावित विपद्का घटना प्रति सचेत रहन, विपद् घटना व्ययवस्थान र समन्वय गर्न, प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनलाई मनन गरी सुरक्षाका पक्षमा ध्यान दिन निर्देशन दिईएको ।

| सि नं | निरीक्षण गरिएको इलाका प्रहरी / प्रहरी चौकी | मिति |
|---|---|---|
| १ | प्रहरी चौकी बल्ढेङ्गगढी, रैनादेबी गाउँपालिका | २०७९/६/१४ |
| २ | ईलाका प्रहरी कार्यालय मुझुङ्ग, रैनादेबी गाउँपालिका | २०७९/६/१४ |
| ३ | प्रहरी चौकी दोभान, तिनाउँ गाउँपालिका | २०७९/६/१६ |
| ४ | प्रहरी चौकी प्रभास, तानसेन नगरपालिका | २०७९/६/१६ |
| ५ | ईलाका प्रहरी कार्यालय, रामपुर नगरपालिका | २०७९/६/२१ |
| ६ | प्रहरी चौकी केलादी, रामपुर नगरपालिका | २०७९/६/२१ |
| ७ | इलाका प्रहरी कार्यालय रिङ्गनेरह, पूर्वखोला | २०७९/७/१३ |
| ८ | प्रहरी चौकी, माथागढी गाउँपालिका | २०७९/७/१३ |
| ९ | इलाका प्रहरी कार्यालय, रामपुर नगरपालिका | २०७९/७/२७ |

| | | |
|---|---|---|
| १० | ईलाका प्रशासन कार्यालय, रामपुर नगरपालिका | २०७९/१२/२१ |
| ११ | प्रहरी चौकी, हुँगी रम्भा गाउँपालिका | २०७९/१२/२१ |
| १२ | प्रहरी चौकी, आर्यभन्ज्याङ्ग बगनासकाली गाउँपालिका | २०७९/१२/२१ |
| १३ | ईलाका प्रहरी कार्यालय मुझुङ्ग, रैनादेबी गाउँपालिका | २०८०/०१/२९ |

- मिति २०७९।०६।२८ गतेका दिन विपद्को घटना सम्बन्धी कृत्रिम अभ्यास संचालन गरेको ।
- आबश्यक सुरक्षा सतर्कता अपनाई जिल्लामा शान्ति सुरक्षाको भरपर्दो ब्यबस्था मिलाईएको।
- सेप्टेम्वर २८ का दिन सूचनामा सर्वव्यापी पहुँच सम्वन्धी अन्तराष्ट्रिय दिवस मनाईएको
- पाल्पा जिल्लाका विभिन्न युवा क्लवहरु, बिद्यार्थीहरुको लागि लागू औषध नियन्त्रण सम्वन्धी युवा लक्षित सचेतना कार्यक्रम संचालन गरिएको ।
- सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज तथा चुस्त राख्न यस आ.व.मा जिल्ला स्थित २० वटा कार्यालयहरुको छड्के निरीक्षण र कार्यालयबाट सम्पादन भए गरेका कार्यहरुको सम्वन्धमा विभिन्न २३ वटा सूचकहरुमा अनुगमन गरी सरकारी सेवा सुविधालाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाहलाई सहज र सरल तथा चुस्त राख्न सुझाव दिईएको। आकस्मिक रुपमा गरिएको निरीक्षणमा कर्मचारीहरुलाई नियमित पोशाक लगाउन, समय पालना गर्न तथा अनुशासन कायम गर्न निर्देशन दिईएको ।
- जिल्लाका स्थानीय तहसंग समन्वय गरि कोभिड महामारी र डेंगी रोग नियन्त्रणका लागि स्वास्थ्य, सुरक्षाका मापदण्ड कार्यान्वयन गर्ने ब्यबस्था मिलाइएको ।
- मिति २०७९/७/१ गते निस्दी गाउँपालिका वडा नं. ३ स्थित क्यामरुङ्ग बस्तीमा पहिरोको कारणले क्षति पुगेका परिवारलाई राहत वितरण गरिएको ।
- पाल्पा जिल्लाको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ शान्तिपूर्ण रुपमा सम्पन्न गरेको।
- लैंङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा २०७९ साल मंसिर २३ गतेका दिन अपराध न्युनिकरण तथा लैंङ्गिक हिंसा सम्वन्धी सचेतना कार्यक्रम संचालन गरिएको ।
- मिति २०७९/०९/०७ र २०८०/०१/२५ गते कारागार कार्यालय, पाल्पाको निरीक्षण गरी कारागारको सुधार तथा सुरक्षा मजबुद गर्न निर्देशन दिएको।
- मिति २०७९/०९/२१ गते पाल्पा जिल्लाको संघीय व्यवस्थापिकाका माननीयज्यूहरु र प्रदेश सभाका माननीयज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुखज्यू, स्थानीय तहका प्रमुखज्यूहरु, जिल्ला स्थित राजनैतिक दलका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, कार्यालय प्रमुखहरु तथा पत्रकारहरुसंग सार्वजनिक सेवाका प्रभावकारीताको अभिबृद्धि, जिल्ला विपद् व्यवस्थापन, पूर्वाधार विकास निर्माण, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका विषयहरुमा समन्वयात्मक बैठक बसी महत्वपूर्ण निर्णयहरु गरेको ।
- कार्यालयबाट प्रवाह गरिने सेवालाई छिटो, सरल र प्रभावकारी बनाउन टोकन प्रणाली र Time Card लागू गरिएको ।
- जिल्लाका स्थानीय तह र अन्य सरोकार पक्षसंग समन्वय गरि कोभिड १९ को संक्रमणको नयाँ भेरियण्टको (जोखिम) नियन्त्रणका लागि स्वास्थ्य, सुरक्षाका मापदण्ड कार्यान्वयन गर्ने ब्यबस्था मिलाइएको

- जिल्लामा संचालित विकास निर्माणसंग सम्बन्धित आयोजनाहरुमा आइपरेका समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गरिएको ।
- लागु औषध दुरुपयोग तथा अबैध ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवस २६ जुन, २०२३ को अवसरमा मिति २०८०/०३/०५ देखि २०८०/०३/११ सम्म सप्ताहव्यापी कार्यक्रम संचालन गरि सम्पन्न गरेको ।
- यस आर्थिक बर्षको अवधिमा १८२८६जना नागरिकहरुको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गरि राष्ट्रिय परिचयपत्र नम्बर प्रदान गरिएको।

## १२. विपद् व्यवस्थापन सम्बन्धी कार्यको विवरण

### १२.१. विपद व्यवस्थापन समितिको वैठक र निर्णयहरु

आ.व. २०७९/८० मा बसेको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको विपद् व्यवस्थापन समितिको बैठकबाट भएका महत्वपूर्ण निर्णयहरु :

#### १. बैठकको मिति २०७९/०४/१५ गते

- पाल्पा जिल्लाको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९ अध्यावधिक गरी पारित गरियो। यसै योजना मुताविक सबै राजनीतिक दल, स्थानीय तह, संघ र प्रदेश अन्तर्गतका कार्यालय, निजी क्षेत्र, संघ संस्था सबैले समन्वय गरी आ-आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- गत आ.व. २०७८/७९ मा जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट वितरण गरिएको विपद् घटनामा परि मृत्यु भएका ११ जनाका आफन्तलाई प्रदान गरिएको राहत रु. २३,००,०००/-, विभिन्न विपद् घटनामा परेका परिवार संख्या ९० लाई राहत प्रदान भएको रु.२५,६५,०००/-, कोभिड -१९ संक्रमणबाट मृत्य भएका २८ जना व्यक्तिको परिवारलाई प्रदान गरिएको राहत रु. २८,००,०००/- र बेमौसमी बर्षातका कारण धानबाली नोक्सान भएका ८८३ जना कृषकलाई प्रदान गरिएको क्षतिपूर्ति रु. ३३,९४,०००/- गरी जम्मा रु. १,१०,५९,०००/- (एक करोड दश लाख उनान्साठी हजार) अनुमोदन गरियो ।
- राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, कार्यकारी समितिद्धारा मिति २०७७।९।२६ मा स्वीकृत "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" र मिति २०७८।३।२ मा स्वीकृत "आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८" को बिषयमा आजको बैठकमा छलफल गरियो । कार्यविधिमा भएको प्रावधान बमोजिम अवस्थाका घटना भए सबै स्थानीय तहहरुले विवरण संकलन गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो । साथै अनुदान रकमले मात्र आवास पुनर्निर्माण गर्न नपुग्ने हुँदा घर/आवास धनीले रकम थप लगानी गरी निर्माण गर्दा विपद् प्रतिरोधि (भूकम्प प्रतिरोधि समेत) बनाई, भवन संहिता पालना गरी, नक्सा पास गरी, गराई निर्माण गर्दा अनुदानकै कारण मात्र आवश्यकतानुसारको घर निर्माणमा बाधा नपर्ने गरी कार्यान्वयन गर्ने, गराउने निर्णय गरियो।

## ३. बैठकको मिति २०७९/०९/२१ गते

- जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७९/०४/१५ को बैठकको निर्णयमा मनसुनजन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्वान तथा पुनर्स्थापना अनुदान कार्यविधि २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम स्थानीय तहले प्रारम्भिक कार्य गरी प्रकृया पुरा गरि सिफारिस गर्ने भनिएकोमा सो अनुसार हालसम्म भएको नपाइएकोले यी निर्देशिका बमोजिम गर्न पर्ने कार्य भए यथाशिघ्र अगाडी बढाउने प्रतिबद्धता स्थानीय तहका प्रमुखहरुबाट गरियो।
- निस्दी गाउँपालिका वडा नं. ३ क्यामरुङ्को बस्तीमा मिति २०७९।०६।२१ मा पहिरोको कारण बस्ती पुर्ननिर्माण गर्नु पर्ने देखिएको र स्थानान्तरण गर्न आवश्यक छ छैन अध्ययन गराई निस्दी गाउँपालिका ठोस योजना तर्जुमा गरी सिफारिस पठाउने साथै जिल्ला प्रशासन कार्यालयको पत्र संख्या २०७९/८०, च.नं. १११६, मिति २०७९।०७।०३ को पत्रबाट गृह मन्त्रालयमा प्रतिवेदन गरिएको हुँदा केन्द्रमा पहल गरी भौगर्भिक विज्ञबाट अध्ययनको व्यवस्था संघीय व्यवस्थापिका यस जिल्लाका माननीयहरुले पहल गर्ने।
- पाल्पा जिल्लाका वनजंगलमा आगलागीका घट्नाहरु विगतमा अत्याधिक हुने गरेकोमा गत वर्ष धेरै न्युनिकरण गर्न सकिएकोलाई दृष्टान्तमा लिई डिभिजन वन कार्यालयले समन्वय गरी अहिले देखि नै पूर्वतयारी र सजगता अपनाउने। यो पौष, माघको जाडो यामको चिसोलाई विचार गरी विपन्न वर्गको लागि दाउराको व्यवस्था डिभिजन वन कार्यालयले सामुदायिक वनहरुसँग समन्वय गरी झाडी तथा कमसल मूल्यका बोटका दाउरा लक्षित वर्ग/समुदायलाई उपलब्ध गराउने।न्यानो लत्ता कपडाको अभावमा चिसोमा कठ्याङ्ग्रीन नपरोस भन्नका लागि सरोकारवाला सँग समन्वय गरी अति विपन्नलाई न्यानो कपडाको व्यवस्था गर्न स्थानीय तहले गर्ने।
- चालु आ.ब. २०७९/८० को श्रावण १ गते देखि हालसम्म जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट वितरण गरिएको विपद् घट्नामा परी मृत्यु भएका २ जनाका आफन्तलाई प्रदान गरिएको राहत रु ४,००,०००।-, विभिन्न विपद् घटनामा परेका परिवार संख्या ४६ परिवार (निस्दी ३ क्यामरुङ्का ३८ समेत) लाई राहत प्रदान भएको रु ५,९२,५००।-, कोभिड-१९ संक्रमणबाट मृत्यु भएका १६० जना व्यक्तिको परिवारलाई प्रदान गरिएको राहत रु १,६०,००,०००।- गरी जम्मा रकम रु १,६९,९२,५००।- (एक करोड उनान्सत्तरी लाख बयानब्बे हजार पाँच सय) अनुमोदन गर्ने निर्णय गरियो।

## २. बैठकको मिति २०७९/१२/१६ गते

- यस वर्षको बसन्त र गृष्म शुरु भैसकेको र यस सिजनमा हावा, हुरी चट्याङ, वन डढेलो, आगलागी जस्ता विपदका घटनाको उच्च जोखिम हुने हुँदा जिल्ला वन कार्यालय, जिल्लामा भएका सामुदायिक वन समितिहरु, सुरक्षा निकायहरु तथा सर्वसाधारण नागरिकहरु समेत परिचालन गरी वन क्षेत्रमा अग्नि रेखा बनाउने, वन क्षेत्र सफा गर्ने, निरन्तर गस्ति तथा अनुगमन गर्ने, सचेतना मूलक

कार्यक्रमहरु संचालन गर्ने, स्थानीय तहका दमकलहरु पूर्ण तयारी अवस्थामा राख्ने र वन डढेलोमा संलग्न व्यक्तिहरुको पहिचान गरी कानून बमोजिम कारवाहीको दायरामा ल्याउने।

- विपद्जन्य जोखिमको पूर्वतयारी, प्रतिकार्य, राहत उद्धार लगायतका कार्यका लागि राष्ट्रिय विपद् व्यवस्थापन ऐन/नियम तथा तत्सम्बन्धी कार्यविधि र निर्देशिका अनुरुप स्थानीय तहहरुमा स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरी २४ सै घण्टा संचालन गर्ने व्यवस्था मिलाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने।
- यस जिल्लामा सडक दुर्घटना जोखिमको हिसावले बढी संवेदनशील मानिएको तथा चोरी, डकैती लगायतका अन्य आपराधिक घटना घट्न नदिन तथा घटिहालेमा पनि अनुसन्धानमा टेवा पुऱ्याउन मूख्य मूख्य शहरी केन्द्र, मूख्य राजमार्गका चोकहरु, जिल्लाका मुख्य धार्मिक र रणनैतिक स्थानहरुमा C.C.Camera जडानको व्यवस्थाका लागि स्थानीय तहहरुलाई अनुरोध गर्ने।
- सिद्धबावा सडक खण्डलाई यथाशिघ्र मर्मत सम्भार गरी चालु हालतमा राख्ने व्यवस्था डिभिजन सडक कार्यालय पाल्पाले मिलाउने।
- जिल्ला भित्रका सबै कार्यालयहरु र स्थानीय तहहरुमा विपद् Focal person तोक्ने र त्यसको विवरण DEOC र LEOC हरुमा आद्यावधिक गरि राख्ने।
- सडक दुर्घटना नियन्त्रण र न्यूनिकरणका लागि यातायात सेवा कार्यालय पाल्पाले सार्वजनिक र निजी सवारी साधनहरुको यान्त्रिक परिक्षण गर्ने व्यवस्थालाई तदारुकताका साथ कार्यान्वयन गर्ने तथा नेपाल प्रहरी र ट्राफिक प्रहरीले सीट भन्दा बढी यात्रु राख्न नदिने, Over load र Over speed नियन्त्रणमा ध्यान दिने।
- सडक यातायातलाई चुस्त, दुरुस्त र सुरक्षीत बनाउन सवै स्थानीय तह र सडक निर्माण सम्बन्धी कार्यालय/आयोजनाहरुले मर्मत संभारलाई उच्च प्राथमिकतामा राख्ने, स्थानीय तहहरुले मर्मत संभार कोषको व्यवस्था गरी आफू मातहतका सडकहरुलाई बाह्रै महिना चालु हालतमा राख्ने व्यवस्थाका लागि स्थानीय तहहरुलाई अनुरोध गर्ने।
- कार्यालय परिसर भित्र र वरिपरिका सुकेका र अन्य खतराजन्य रुखहरु तथा सडक किनारका त्यस्ता रुखहरु जिल्ला वन कार्यालयले सुरक्षा निकायसंगको सहकार्यमा व्यवस्थापन गर्ने।
- विपद् राहतमा यस जिल्ला प्रशासन कार्यालयबाट मिति २०७९ श्रावण १ गते देखि हालसम्म विपद राहत खर्च रु १२,२०,५००/०० र प्रदेश सरकारबाट प्राप्त कोभिड मृतक राहत १६३ जनको रु १ लाखका दरले १,६३,००,०००/०० गरी जम्मा कूल खर्च भएको रु. १,७५,२०,५००/०० (एक करोड पचहत्तर लाख बिस हजार पाँचसय) अनुमोदन गरियो। साथै विपदजन्य घटना भई कसैको मृत्यु भएमा पीडित परिवारलाई नेपाल सरकारको तर्फवाट दिइने राहत सम्भव भएसम्म तत्काल घटनास्थलमै पुगी हस्तान्तरण गर्ने व्यवस्था जिल्ला प्रशासन कार्यालयले मिलाउने।
- यस जिल्लाको तिनाउ गाउँपालिका वडा नं. २ दोभानमा संचालित श्री कालिका आ.वि. को राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको २ कोठे पक्की ट्रस भवन वि.सं. २०७८ सालको अविरल बर्षको कारण भूक्षय हुन गई भवन पूर्ण रुपमा क्षतिग्रस्त भई प्रयोग

गर्न नमिल्ने तथा मर्मत सम्भार गरेर पनि उपयोगमा आउन नसक्ने देखिएकोले भवन भत्काउन गा.पा.को सिफारिस, प्रहरी मुचुल्का, विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा विकास तथा समन्वय इकाई पाल्पावाट सिफारिस भै आएकोले गाउँपालिकाले प्राविधिक मार्फत डिटेल मूल्यांकन गरी मर्मत सम्भार हुन नसक्ने र नभत्काई यथावत राख्दा दुर्घटनाको जोखिम हुने देखिएमा प्राविधिक प्रतिवेदनको आधारमा उचित व्यवस्थापन गर्न तिनाउ गाउँपालिकालाई अनुरोध गर्ने।

## ३. बैठकको मिति २०८०/०२/१६ गते

- मनसुनजन्य र आगलागीजन्य विपद् प्रभावित निजी आवास पूर्ननिर्माण तथा पुर्नस्थापना अनुदान वितरण कार्यविधी (संसोधन सहित) २०७८ का प्रावधान र सो को लागि स्थानीय तहले गर्नुपर्ने Online entry र आवश्यक प्रकृया तथा Verification र सिफारिस प्रकृयाका बारेमा तत्सम्बन्धि जिल्लामा क्रियाशील गैर सरकारी संस्था कारितास नेपालका विज्ञ कविराज भट्टद्वारा विस्तृतमा प्रस्तुतिकरण गरी सबै स्थानीय तहले सो बमोजिम विपद् प्रभावितहरुको विवरण नियमित रुपमा Online entry गरी Verification र Approve गर्ने निर्णय गरियो।
- यस वर्षको मनसुन शुरु भईसकेको सन्दर्भमा मुख्य लोकमार्गहरुमा बाढी, पहिरोका कारण हुन सक्ने अवरोध हटाई २४ सै घण्टा लोकमार्गहरु सुचारु राख्न सडक डिभिजन कार्यालय पाल्पा, कालिगण्डकी कोरिडोर सडक योजना कार्यालय र सडक पूर्वाधार विकास कार्यालय पाल्पाले आ-आफ्नो कार्य क्षेत्र अन्तर्गत सम्भावित बढी जोखिमयुक्त स्थानमा डोजर/स्काभेटर Stand by राख्ने व्यवस्था मिलाउने।विशेष गरी बुटवल पाल्पा सडकको सिद्धबाबा खण्डमा बढी जोखिम हुने हुँदा सो क्षेत्रमा डिभिजन सडक कार्यालयले आवश्यक जनशक्ति सहित डोजर/स्काभेटर रहने व्यवस्था मिलाउने सो कार्यका लागि डिभिजन सडक कार्यालयले सिद्धबाबा सुरुङ्ग मार्ग आयोजनासंग समेत समन्वय गर्ने। थप मद्दत चाहिएमा सुरक्षा निकायले तुरुन्तै उपलब्ध उपकरण सहित जनशक्ति परिचालन गर्ने।
- सबै स्थानीय तहहरुले आ-आफ्नो कार्यक्षेत्रमा मुख्य तथा सहायक सडकहरु सुचारु बनाइ राख्न नियमित मर्मत संभार, बाढी, पहिरोबाट हुन सक्ने सडक अवरोध हटाउन डोजर/स्काभेटर र जनशक्ति परिचालनको व्यवस्था मिलाउने।थप जनशक्ति आवश्यक परेमा नजिकको सुरक्षा निकायले आवश्यक सहयोग पुऱ्याउने।
- बाढी, पहिरो, भारी बर्षा आदीका कारण विद्युत पोल ढल्ने वा अन्य कारण विद्युत सेवा अवरुद्ध हुनसक्ने हुँदा नेपाल विद्युत प्राधिकरण पाल्पा शाखाले समभावित जोखिमयुक्त स्थानहरुमा साधन स्रोत सहित जनशक्ति परिचालन गरी विद्युत अवरुद्ध हुन नदिने र अवरुद्ध भई हालेमा तत्काल मर्मत संभार गरी सुचारु हुने व्यवस्था मिलाउने।नेपाल टेलिकमले मोवाइल, Landline, internet सेवाहरु २४ सै घण्टा गुणस्तरीय रुपमा संचालनको व्यवस्थापन मिलाउने।
- बाढी, पहिरो, भारी बर्षाको कारण लामो समय सडक अवरुद्ध हुन गएमा जिल्ला भित्र दाल, चामल, तेल, चिनी, दुध, तरकारी, पेट्रोलियम इन्धन, औषधी लगायतका अत्यावश्यक सामग्री र खाद्यान्न

आपूर्तिमा कमी हुने नपाउने गरी कम्तीमा २ महिनाको लागि आवश्यक पर्ने खाद्य भण्डारमा रहने व्यवस्थाका लागि पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघलाई अनुरोध गर्ने।

- मनसुनजन्य विपद्का कारण बस्ती, खेतियोग्य जमिन तथा सिंचाई गर्ने कुलोमा क्षति पुगेमा सो को पुर्ननिर्माण र मर्मतका लागि तारजालि आवश्यक पर्ने भएमा सिंचाई विकास डिभिजन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयले व्यवस्थापन गर्ने।
- जिल्ला प्रशासन कार्यालयले सबै स्थानीय तह र जिल्लास्थित कार्यालयहरुको सहयोगमा तयार गरेको मनसुनजन्य विपद् प्रतिकार्य योजना २०८० स्वीकृत गरियो।यस कार्ययोजनाको सरोकारवाला सबै निकायले प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने निर्णय गरियो।
- आषाढ, श्रावण र भाद्र महिना भरी नदि नालाहरुवाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न नपाउने (विपद् जन्य अवस्था बाहेक) प्रावधान अनुरुप सबै स्थानीय तहले सो को प्रभावकारी कार्यान्वयन गर्ने गराउने।नेपाल प्रहरी र सशस्त्र अवैध उत्खनन र चोरी निकासी नियन्त्रण गर्न स्थानीय तहलाई सहयोग पुऱ्याउने।
- जिल्ला प्रशासन कार्यालयको DEOC मा लामो समय देखि रहेका त्रिपालहरु स्थानीय तहको माग र आवश्यकताको आधारमा स्थानीय तहहरुमा पठाउने।
- जिल्ला स्थित ३ वटै सुरक्षा निकायहरुले विपद् उद्धार र राहतको लागि उपलब्ध उपकरणहरु सहित QRT तयारी अवस्थामा राख्ने, त्यसरी परिचालित हुन परेमा खाना/खाजा लगायतको अत्यावश्यक सहयोग सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने।
- स्थानीय तहहरुबाट मनसुनजन्य/आगलागीजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनस्थापना अनुदान वितरण कार्यविधी, २०७८ बमोजिम स्थानीय तहहरुबाट Online entry भै Verification र Approve भएका यसैसाथ संलग्न विवरणहरुलाई स्वीकृती र सिफारिस गर्ने निर्णय गरियो।
- जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट मिति २०७९/१२/१७ गते देखि मिति २०८०/०२/१६ विपद् राहत वितरण भएको (खर्च) रु ३,१६,०००/- (तिन लाख स्रोह हजार मात्र) अनुमोदन गरियो।

## १२.२ विपद व्यवस्थापनको क्षेत्रमा क्रृयाशिल सरकारी तथा गैर सरकारी निकायसंग भएको समन्वयात्मक बैठक र निर्णयहरु

आ.व. २०७९/८० मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको विपद् व्यवस्थापनको क्षेत्रमा क्रृयाशिल सरकारी गैर सरकारी निकायसंग समन्वयात्मक बैठकबाट भएका महत्वपूर्ण निर्णयहरु :

### १. बैठकको मिति २०७९/०९/२० गते

- विपद्का घटनालाई न्यूनिकरण गर्न पूर्व तयारीका कार्यमा सरकारी तथा गैर सरकारी निकायले आ-आफ्नो क्षेत्रबाट गर्नुपर्ने समन्वय र सहजीकरणलाई आगामी दिनमा थप प्रभावकारी बनाउने निर्णय गरियो।
- विपद्का समयमा तत्काल राहत तथा उद्धारका समयमा न्यूनतम आधारभूत सेवा अन्तर्गत प्रजनन स्वास्थ्य सेवाको प्राथमिकता सम्बन्धमा छलफल भयो।न्यनूतम आधारभूत प्रजनन स्वास्थ्य सेवा

(Minimum initial service package) अन्तर्गत बढी जोखिम समूह (महिला, युवा, गर्भवती, सुत्केरी एवं बालबालिका) लाई प्राथमिकतामा राखि स्वास्थ्य कार्यालय र नेपाल परिवार नियोजन संघ, पाल्पाले आवश्यक समन्वय गरी तयारी अवस्थामा रहने निर्णय गरीयो।

- कोभिड-१९ को नयाँ स्वरुप (भेरियन्ट) को जोखिमबाट सर्तक रहन आ-आफ्नो निकायमा सेवा लिन आउने सेवाग्राहीहरुलाई मास्क प्रयोग गर्न र अभिवादनको लागि हात नमिलाई नमस्कार गर्ने संस्कारलाई अभिवृद्धि गर्ने, गराउने निर्णय गरीयो ।

## २. बैठकको मिति २०८०/०२/०८ गते

- जिल्लास्थित सुरक्षा निकायहरुले विपद्को समयमा तत्काल प्रयोग गर्न सकिने गरी विपद् ब्यवस्थापनका सामग्रीहरु चालु अवस्थामा राख्ने र विपद् प्रतिकार्यको लागि QRT सहित तयारी अवस्थामा रहेन।
- मनसुनको समयमा पाल्पा जिल्ला प्रवेश गर्ने मुख्य राजमार्गहरु बन्द हुने सक्ने भएकोले पाल्पा उद्योग बाणिज्य संघ र ब्यापार संघ, पाल्पाले कम्तिमा ३(तीन) महिनाको लागि आवश्यक पर्ने दाल, चामल, तेल, ग्यास लगायतका अत्यावश्यक दैनिक उपभोग्य सामग्रीहरु भण्डारण गर्ने आवश्यक ब्यवस्था मिलाउने।
- पाल्पा जिल्लामा क्रियाशील गैर सरकारी संस्थाहरुले आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका स्थानहरुमा विपद्को समयमा परिचालन गर्न सकिने गरी अत्यावश्यक सामग्री, कार्यक्रम र बजेटको ब्यवस्थापन गर्ने।
- गैर सरकारी संस्थाहरुले आगामी आ.व.को लागी कार्यक्रम तर्जुमा गर्दा सम्भावित विपद्लाई समेत मध्यनजर गर्नुपर्ने।

## १३. कोभिड-१९ को रोकथाम नियन्त्रण र व्यवस्थापनको लागि २०७९/८० मा संचालन गरिएको बैठकको महत्वपूर्ण निर्णयहरु

| सि.नं. | महत्वपूर्ण निर्णय | DCMC बैठक मिति |
|---|---|---|
| १ | १. यस पाल्पा जिल्लाले अन्तराष्ट्रिय सीमाना नछुने, आवत जावत गर्ने विदेशी नाका नभएकाले अहिलेनै कोभिड-१९ को संक्रमणको नयाँ लहरको प्रथम जोखिम नहुने भएता पनि सीमाना जोडीएका छिमेकी जिल्ला रुपन्देही, नवलपरासी (पूर्व/पश्चिम) मा संक्रमण भएको अवस्थामा यस जिल्लामा पनि फैलिने भएकाले यातायातका साधनबाट यात्रा गर्ने यात्रुहरुलाई, यातायात संचालकहरु, कार्यालयमा आउने सेवाग्राही र धेरै मानिस जम्मा भै गरिने कार्यक्रममा अनिर्वाय रुपमा मास्क लगाउने, स्वास्थ्य सुरक्षाको सर्तकता अपनाउन आग्रह गर्ने र सचेतनाका कार्य गर्न निर्णय गरियो। | २०७९/९/१९ |

| | | |
|---|---|---|
| | २. यस जिल्लामा पहिलो, दोस्रो मात्रा खोप लगायकाहरुलाई अतिरिक्त पहिलो मात्रा ३९% लाई लगाउन बाँकी रहेको र अतिरिक्त दोस्रो मात्रा समेतका लागि स्वास्थ्य कार्यालय, पाल्पाले सम्बन्धित निकाय सँग समन्वय गरी अतिरिक्त खोप लगाउने प्रवन्धको पहल गर्ने निर्णय गरियो। | |

## १४. विपद् व्यवस्थापनका लागि सम्पर्क व्यक्ति र सम्पर्क नम्बर

### १४.१ स्थानीय प्रशासन अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | सहायक प्रमुख जिल्ला अधिकारी | भक्ति सरा राना | ९८५७०६०३३३ |
| २ | दि फेमस महिन्द्र दल गण | सेनानी | किन प्रधान | ९८४१४०२३१८ |
| ३ | जिल्ला प्रहरी कार्यालय | प्रहरी नायब उपरिक्षक | बिरेन्द्र थापा | ९८५७०६८६९० |
| ४ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | अनुसन्धान अधिकृत | टिकाराम पाण्डे | ९८४३५२२३७६ |
| ५ | सशस्त्र प्रहरी बल | स.प्र.नि. | राम बहदुर महत | ९८४९३७५५६९ |

### १४.२ स्थानीय तह अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | कार्यक्रम अधिकृत | विष्णु प्रसाद पौडेल | ९८५७०६२५६२ |
| २ | रामपुर नगरपालिका | ईन्जिनियर | कृष्ण बहादुर थापा | ९८६७३७५३७५ |
| ३ | पूर्वखोला गाउँपालिका | अधिकृत | विनोद नेपाल | ९८५७०६५३७९ |
| ४ | निस्दी गाउँपालिका | अधिकृत छैठौं | अर्जुन खनाल | ९८५७०७९२१५ |
| ५ | रम्भा गाउँपालिका | सि.अधिकृत छैठौ | शिव अर्याल | ९८५७०६८७७० |
| ६ | माथागढी गाउँपालिका | प्रमुख प्रशासकिय अधिकृत | दिनेश ज्ञवाली | ९८५७०६८५६८ |
| ७ | तिनाउ गाउँपालिका | सहायक पाँचौं | शिव आत्रेय | ९८५७०६२५१४ |
| ८ | रिब्दीकोट गाउँपालिका | अधिकृत | रुकलाल भट्टराई | ९८५७०६२६४३ |
| ९ | रैनादेवी छहरा गाउँपालिका | जनस्वास्थ्य निरीक्षक | जीवन राना | ९८५७०६०६९० |

| | | | | |
|---|---|---|---|---|
| १० | बगनासकाली गाउँपालिका | सहायक पाँचौं | कृष्ण बहादुर थापा | ९८६७५४४००८ |

## १४.३ विषयगत कार्यालयहरु अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | डिभिजन सडक कार्यालय | ईन्जिनियर | शिव खनाल | ९८५११२७२०० |
| २ | जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय | ईन्जिनियर | चन्द्र राना | ९८४९६०४६६७ |
| ३ | भू तथा जलाधार कार्यालय | ईन्जिनियर | राकेश बहादुर कुवंर | ९८५७०८११३९ |
| ४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | प्रमुख | टुक बहादुर थापा | ९८५७०६८१८१ |
| ५ | कृषि ज्ञान केन्द्र | प्रमुख | कामना अधिकारी | ९८५७०६५२९४ |
| ६ | डिभिजन वन कार्यालय | डिभिजनल वन अधिकृत | नारायण देव भट्टराई | ९८५७०२३३७७ |
| ७ | शिक्षा विकास तथा समन्वय इकाई | शाखा अधिकृत | हेम शर्मा रिजाल | ९८५७०६५९८० |
| ८ | खानेपानी डिभिजन कार्यालय | प्रमुख | अनोज उपाध्याय | ९८५७०२११४६ |
| ९ | स्वास्थ्य कार्यालय | ल्याब टे.अधिकृत | मधुसुदन भट्टराई | ९८४५३३२९५५ |

## १४.४ अन्य

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | रेडक्रस सोसाईटी, पाल्पा | जिल्ला शाखा अधिकृत | विनोद भारती | ९८४७४५५९८८ |

## १४.५ विपद व्यवस्थापनमा देखिएका समस्याहरु

क. विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु ।
ख. कमजोर भू-बनोट, भिरालो र उच्च पहाड रहनु ।
ग. प्राकृतिक स्रोतहरु (चुनढुंगा खानी) को अव्यवस्थित तथा अत्याधिक दोहन हुनु ।
घ. जोखिमयुक्त र न्यूनतम मापदण्ड नपुगेका ग्रामिण सडक निर्माण हुनु ।
ङ. भू-उपयोग योजना, भवन संहिता प्रभावकारी नहुनु ।

च. एकीकृत सूचना प्रणालीको न्यूनता ।

छ. संकट आंकलनको पूर्वमूल्याङ्कन वास्तविक हुन नसक्नु ।

ज. अव्यवस्थित रुपमा सहरीकरण हुनु।

झ. आपतकालीन अवस्थाका लागि दक्ष र यथेस्ट जनशक्ति,श्रोत, उपकरण, बन्दोबस्ती र राहत सामाग्रीको कमी।

ञ. अन्तर निकाय संघ, प्रदेश र स्थानीय तह बिच ठाडो (Vertical) र तेर्सो (Horizontal) रुपमा प्रभावकारी समन्वयको कमी ।

## १४.६ जिल्ला/स्थानीय तहका प्रमुख विपद घटनाहरु

यस जिल्लामा मुख्यत विपद्का घटनाहरु देहाय अनुसार रहेको पाईन्छ ।

| विपद्को प्रकार | विपद्को संख्या | मृतक संख्या | घाईते |
|---|---|---|---|
| पहिरो | २ | २ | २ |
| आगलागी/जलेर | २ | २ | ० |
| बाढी/ खोलाले बगाएको/ डुवान | २३ | २३ | २ |
| चट्याङ्ग | १ | १ | ० |
| सडक दुर्घटना | २९ | ४० | ९१ |
| सर्प दंशा | ० | ० | ० |
| विषाक्त पदार्थ सेवन | ८ | ७ | १ |
| जंगली जनावरको आक्रमण | ० | ० | ० |
| भिरबाट लडेर/लडेर | १० | १० | ० |
| करेन्ट लागेर | ३ | ३ | ० |
| कोभिडबाट मृत्यु | ० | ० | ० |
| अन्य (रुखबाट लडेर) | ६ | ६ | ० |
| जम्मा | ८४ | ९४ | ९६ |

**अन्यः-** बर्तमान अबस्थामा जलबायु परिवर्तनको कारण बिभिन्न समस्याहरु उत्पन्न हुने अबस्थाहरु आएका छन। जंगलको बिनास तथा लामो खडेरीका कारण पानीका मुहान सुक्ने र खानेपानीको अभाव हुने समस्या बढ्दै गईरहेको छ।

## १४.७ जिल्ला तथा स्थानीय तहहरुबाट विपद् सम्बन्धी भए गरेका अन्य उल्लेख्य कार्यहरु

- विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना २०७९ बमोजिम कार्यान्वयन गरिएको।
- मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० पारित गरि कार्यान्वयन गरिएको ।
- विपद व्यवस्थापनको लागि स्थानीय तह, सरोकारवाला, गैर सरकारी निकायहरु संग सहकार्य र समन्वय भएको।
- सुरक्षा निकाय, स्थानीय तह तथा विपद् व्यवस्थापन कार्यसंग सरोकारवालाको लागि विपद् प्रतिकार्य र क्षमता अभिवृद्धिका लागि उच्च पहाडी तथा पहाडी ईलाकाका खोंच र अफ्ठ्यारो स्थानहरु लगायत पहिरोमा परेका/खसेका/फसेका व्यक्ति तथा घाईतेहरुलाई कसरी उद्धार गर्न सकिन्छ भन्ने विषयमा माउन्टेनेरिङ्ग ईक्युपमेण्टको प्रयोग गरि बिभिन्न ६ तरिकाबाट नमुना अभ्यास गरि तालिम सञ्चालन गरिएको थियो।
- सतह भन्दा बढी पानी भएमा स्थानीय नागरिकहरुलाई जानकारी दिनको लागि साइरन जडान ।
- सचेतना अपनाउन माईकिङ र स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण ।
- सामुदायिक प्रहरीबाट विद्यालयमा विपदबाट जोगिनका लागि जानकारी प्रदान ।
- विपद् प्रभावितहरुलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त राहत वितरण ।

## १५. कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी

- जिल्लामा कोभिड-१९ विरुद्धको खोप अभियान संचालन भइरहेको ।
- सार्वजनिक सेवाहरु संचालन गर्दा तोकिएको सामाजिक दुरी र स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्हरु सेवा प्रवाह गर्ने निकायहरु तथा सम्पूर्ण नागरिकहरुले अनिवार्य पालना गर्नु पर्ने ।
- जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको तर्फबाट नियमित रुपमा अनुगमन भएको ।
- पाल्पा अस्पतालमा अक्सिजन प्लान्ट स्थापना ।
- PCR जाँच गर्ने सेन्टरको स्थापना ।
- संक्रमणको संख्या र जोखिम अनुसार स्वास्थ्य सतर्कता अपनाउन विभिन्न व्यवस्था र सूचना जानकारी सम्प्रेषण गरी जनचेतना मूलक कार्य सन्चालन ।
- DCCMC बैठक बसी उल्लेखित कार्यहरुको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गरिएको ।

## १६. अत्यावश्यक वस्तुको आपूर्ति र बजार अनुगमन

- बजारमा कृत्रिम अभाव, जम्माखोरी, कालो बजारी हुन, गर्न नदिन र दैनिक उपभोग्य वस्तुको आपूर्ति, वितरण कार्यको अनुगमन गरि आपूर्तिको व्यवस्था सहज गर्ने कार्य भईरहेको ।
- उपभोग्य बस्तुका पसल, होटल तथा रेष्टुरेण्टको अनुगमन गरि बिक्रीको लागि राखिएका, म्याद नाघेका बस्तु र गुणस्तरहीन खाद्य पदार्थ जफत गरि नष्ट गरिएको ।
- यस आ.व. मा यस कार्यालयको समन्वयमा तानसेन नगपालिका लगायत अन्य पालिकाहरुमा व्यापार व्यवसायलाई मर्यादित र उपभोक्ताहरुलाई गुणस्तरीय बस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले १६ पटक संयुक्त बजार अनुगमन भएको थियो । साथै तानसेन बजार क्षेत्रभित्रका विभिन्न स्थानहरुमा रहेका

एल.पि.ग्यास विक्रेता/व्यवसायीहरुको कार्यलाई पनि व्यवस्थित र सुरक्षित बनाउने उद्देश्यले अनुगमन गरिएको थियो ।

## १७. यस कार्यालयले संचालन गरेको कार्यक्रमहरुः-

### १. सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवसः-

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सेप्टेम्बर २८ का दिन Artificial Intelligence, E-governance and Access to information अन्तराष्ट्रिय नारा सहित सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवस तथा पत्रकारहरु र जिल्ला स्थित कार्यालयका सूचना अधिकारीहरुसंगको अन्तरक्रियात्मक बैठकको आयोजना गरि मनाईएको थियो।यस कार्यक्रमको श्रोत व्यक्ति बारिष्ठ पत्रकार माधव अर्याल हुनुहुन्थो











### १. लागू औषध सम्बन्धी सचेतना कार्यक्रम सन्चालनः-

मिति २०७९।०६।२७ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, पाल्पाको सभाहलमा विभिन्न युवा क्लवका सदस्यहरु (नारायण युवा, क्लव, न्यू एकता क्लव, सराई युवा क्लव, विद्यार्थीहरु, विद्यालयका प्रिन्सिपल, पत्रकारहरुको सहभागीतामा लागू औषध सम्बन्धी सचेतना कार्यक्रम सन्चालन गरिएको थियो भने यस कार्यक्रममा सहजीकरण जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक बिरेन्द्र थापाले गर्नु भएको थियो।









### ३.विपद् घट्ना सम्वन्धी कृत्रिम अभ्यास सन्चालन :-

मिति २०७९/६/२८ गतेका दिन जिल्ला प्रशासन कार्यालयको आयोजना र नेपाली सेना दि फेमस महिन्द्र दल गणको विशेष व्यवस्थापन तथा वन्दोबस्तमा तानसेन - रिडि सडक, पाल्पामा उच्च पहाडी तथा पहाडी ईलाकाका खोंच र अफ्ठ्यारो स्थानहरु लगायत पहिरोमा परेका/खसेका/फसेका व्यक्ति तथा घाईतेहरुलाई कसरी उद्धार गर्न सकिन्छ भन्ने विषयमा माउन्टेनेरिङ्ग ईक्युपमेण्टको प्रयोग गरि विभिन्न ६ तरिकाबाट डेमोष्ट्रेशन गरिएको थियो।




जिल्ला प्रहरी कार्यालय पाल्पा सशस्त्र प्रहरी बल नेपाल ३५ नं. गुल्म, हेडक्वाटर, नेपाल रेडक्रस सोसाईटी, पाल्पा शाखाको सहभागिता रहेको विपद् जोखिमको यो कृत्रिम घटनाको अभ्यासमा प्रमुख जिल्ला अधिकारी, तानसेन नगरपालिकाका नगर उप-प्रमुख, सहायक जिल्ला अधिकारी, गणका गणपति, जिल्लाका अन्य सुरक्षा निकायका प्रमुखहरु, स्वास्थ्य कार्यालयका प्रमुख, पत्रकार महासंघका अध्यक्ष तथा अन्य पत्रकारहरु, नेपाल रेडक्रस सोसाईटी पाल्पाका सभापति लगायत अन्य सर्वसाधारणहरु सहित करिव १५० जनाले उक्त कृत्रिम घटना अभ्यासको अवलोकन गरेका थिए।







मिति २०७९।०८।२३ गतेका दिन जिल्ला प्रशासन कार्यालय, पाल्पाको सभाहलमा प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्त ज्यूको अध्यक्षता तथा राष्ट्रिय सभाका सदस्य माननीय राजेन्द्रलक्ष्मी गैरेको प्रमुख आतिथ्यमा अपराध न्यूनिकरण तथा लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको थियो। जिल्ला प्रशासन कार्यालयको आयोजना, सारथी नेपालको सहकार्य तथा जिल्ला प्रहरी कार्यालयको प्राविधिक सहयोगमा सम्पन्न भएको सचेतना कार्यक्रममा लुम्बिनी प्रदेश योजना आयोगका सदस्य विष्णु माया थापा, तानसेन नगर पालिकाका उप प्रमुख प्रतिक्षा सिंजाली, पूर्व संविधान सभाका सदस्य माननीय लिला सोमै, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा राना, जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख, प्रहरी उपरीक्षक जनक बहादुर शाही, सारथी नेपालका सदस्यहरु, महिला अधिकारको क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरु र सुरक्षाकर्मी लगायतको सहभागिता रहेको थियो। अपराध न्यूनिकरण तथा लैङ्गिक हिंसाका विषयमा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक भूपेन्द्र थापाको प्रस्तुतीकरण पछि बृहत छलफल तथा अन्तरक्रिया भएको थियो।











## ५. लागु औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्ध सम्वन्धि सप्ताहव्यापी कार्यक्रम

लागु औषधको दुर्व्यसन तथा अबैध ओसार पसारको समस्या कुनै एक स्थान, मुलुक वा क्षेत्र विशेषको मात्र नभै विश्व मानव समुदायकै सामुहिक समस्याको रुपमा देखिएको छ। स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न लागु औषध दुरुपयोग एवं ओसार पसार विरुद्ध अन्तराष्ट्रिय दिवस जुन २६, २०२३ को अवसरमा सप्ताहव्यापी कार्यक्रमको कार्ययोजना सहित यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा मिति २०८०/३/५ गते लागु औषध नियन्त्रण सम्वन्धमा शुभारम्भ भएको सप्ताहव्यापी कार्यक्रममा स्थानीय तह र सरोकारवालासंग विविध कार्यक्रम संचालन गरी मिति २०८०/३/११ गते कार्यक्रमको समापन गरिएको थियो ।

## १८. नव प्रवर्धनात्मक कार्यहरु

- राहदानीको online सेवालाई सरल सहज र सुलभ बनाउन नेपाल रेडक्रस सोसाइटीको सेवा Counter कार्यालय परिसरभित्र राखि नेपाल रेडक्रस सोसाइटी पाल्पाले कार्य सुरु गरेको
- सेवा प्रवाहलाई अझै चुन्त, छरितो र गुनासो रहित बनाउन कार्यालय समयभित्र आएका प्रकृया पूरा गरी लाइनमा रहेका सेवाग्राहीहरुलाई सोहि दिन नै कार्यालय समय पछि पनि सेवा दिने गरिएको।
- विभिन्न कारणबाट समय भित्र सम्पन्न हुन नसकेका रुग्ण प्रकृतिका विकास निर्माण आयोजनाहरुको लगत संकलन गरी आयोजना कार्यालयहरु संगको समन्वयमा सघन अनुगमन र निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याउन सुरू गरिएको।
- जिल्लामा संचालित विकास निर्माणसंग सम्बन्धित आयोजनाहरुमा आइपरेका अन्य समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गरिएको ।
- पाल्पा जिल्लाको तानसेन नगरपालिका वडा नं. २, ३ र ४ स्थित पुरातात्विक महत्वको पाल्पा दरवार संग्रहालयको मूल गेट आसपास रहेका कुल ५७ वटा सटर, कवल, भवन लगायतका संरचनाहरु तानसेन नगरपालिका संगको सहकार्य र समन्वयमा हटाउने कार्य सम्पन्न गरिएको ।
- कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई सेवा सम्बन्धी सहजताको लागि नागरिक सहायता कक्ष (Help Desk) को व्यवस्था गरिएको।
- कार्यालयको सौन्दर्यकरण गर्नुका साथै पूर्णरुपमा सेवाग्राही मैत्री बनाइएको।

## १९. हालसम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण

| क्र.स. | नामथर | देखि | सम्म |
|---|---|---|---|
| १ | लभ विक्रम शाह | २०२९ | २०३१ |
| २ | राम कुमार श्रेष्ठ | २०३१ | २०३२ |
| ३ | पदम राज सुवेदी | २०३२ | २०३२ |
| ४ | हरि प्रसाद शर्मा | २०३३ | २०३५ |
| ५ | टेकनाथ भट्टराई | २०३५ | २०३७ |
| ६ | गजेन्द्र बहादर मुल | २०३७ | २०३८ |
| ७ | बाबुराम पौडेल | २०३८ | २०४० |
| ८ | शरद कुमार भट्टराई | २०४० | २०४५ |
| ९ | स्थानेश्वर शर्मा | २०४५ | २०४५ |
| १० | राम प्रसाद अरुण | २०४५ | २०४६ |

| | | | |
|---|---|---|---|
| ११ | बलराम कापर | २०४६ | २०४७ |
| १२ | विष्णुराज कुसुम | २०४७ | २०४७ |
| १३ | नवीन कुमार घिमिरे | २०४७ | २०४८ |
| १४ | तीर्थ प्रसाद ज्ञवाली | २०४८ | २०५० |
| १५ | ललित बहादुर थापा | २०५० | २०५१ |
| १६ | भुवनेश्वर जोशी | २०५१ | २०५२ |
| १७ | भरतमणि रिसाल | २०५२ | २०५२ |
| १८ | विनोद शर्मा | २०५२ | २०५३ |
| १९ | वामन प्रसाद न्यौपाने | २०५३ | २०५४ |
| २० | माधव प्रसाद ओझा | २०५४ | २०५६ |
| २१ | जनार्दन नेपाल | २०५६ | २०५८ |
| २२ | भानुभक्त पोखरेल | २०५८ | २०६० |
| २३ | श्रीवत्स आचार्य (का.मु) | २०६० | २०६० |
| २४ | एकमणि नेपाल | २०६० | २०६२ |
| २५ | लक्ष्मण कुमार थापा | २०६२ | २०६२।१०।१८ |
| २६ | बालकृष्ण पन्थी | २०६२।११।२४ | २०६४।०२।२३ |
| २७ | शम्भु प्रसाद घिमिरे | २०६२।०२।२७ | २०६६।०४।३० |
| २८ | जनकराज रेग्मी | २०६६।०५।०३ | २०६८।०३।०७ |
| २९ | टीकाराम शर्मा घिमिरे | २०६८।०३।१३ | २०६९।०३।३१ |
| ३० | हरि प्रसाद मैनाली | २०६९।०४।१५ | २०६९।११।२४ |
| ३१ | शिवराज जोशी | २०६९।१२।१२ | २०७१।०१।२५ |
| ३२ | विष्णु कुमार कार्की | २०७१।०२।०१ | २०७२।०२।३२ |
| ३३ | प्रेमलाल लामिछाने | २०७२।०३।०२ | २०७२।११।२३ |
| ३४ | बाबुराम गौतम (रा.प.प्रथम) | २०७२।११।२३ | २०७४।०६।१९ |
| ३५ | विष्णु प्रसाद ढकाल (रा.प.प्रथम) | २०७४।०६।२० | २०७५।०४।११ |
| ३६ | मनोहर प्रसाद खनाल (रा.प.प्रथम) | २०७५।०४।३१ | २०७६।०१।११ |
| ३७ | वीरेन्द्र कुमार यादव (रा.प.प्रथम) | २०७६।०१।१२ | २०७६।०५।११ |

| | | | |
|---|---|---|---|
| ३८ | उमेश कुमार ढकाल | २०७६।०५।१२ | २०७६।१०।१४ |
| ३९ | यादव सुवेदी (रा.प.प्रथम) | २०७६।१०।२६ | २०७७।०२।२० |
| ४० | रमेश न्यौपाने (रा.प.प्रथम) | २०७७।०२।२२ | २०७७।११।१७ |
| ४१ | योगेन्द्र प्रसाद पाण्डे (रा.प.प्रथम) | २०७७।११।२३ | २०७८।६।३१ |
| ४२ | जगन्नाथ पन्त (रा.प.प्रथम) | २०७८।०७।१ | २०७९/११/२३ |
| ४३ | बन्धु प्रसाद बास्तोला | २०७९/११/२५ | हालसम्म |

## २०. जिल्ला प्रशासन कार्यालयको भवन र सवारी साधनको विवरण

### २०.१ जग्गाको विवरण

| क्र.सं. | ठेगाना / स्थानीय तह | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका ४ | २०३ | ५-९-१-१ | दुवै कित्ता २०३ र ७६४ को जग्गामा कार्यालय भवन, आवास गरी ४ वटा भवन रहेको । |
| २ | तानसेन नगरपालिका ४ | ७६४ | ०-१५-१-१ | |
| ३ | तानसेन नगरपालिका ४ | २३४७ | ७-१०-०-१ | पाल्पा दरबार रहेको र सो मा हाल पाल्पा दरबार संग्रहालय संचालन भएको |

### २०.२ सवारी साधनको विवरण

| क्र.सं. | सवारी साधनको नाम | सवारी नं. | संख्या |
|---|---|---|---|
| १ | बोलेरो जिप | बा २ झ ६१ | १ |
| २ | टाटा सफारी | बा २ झ २१५० | १ |
| ३ | डिस्कभर मोटरसाईकल | लु १ ब १२२३ | १ |
| ४ | यामाहा मोटरसाईकल | लु १ ब ४६४ | १ |

## २१. पाल्पा जिल्लामा रहेका संघीय र प्रदेश सरकार अन्तरगतका सरकारी कार्यालयको सम्पर्क विवरण

| सि.नं. | कार्यालयको नाम | सम्पर्क नं. (+०७५) | प्रमुखको नाम | प्रमुखको सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय पाल्पा | ५२०१२४ | प्र.जि.अ.बन्धु प्रसाद बास्तोला | ९८५७०५७७७७ |
| २ | पाल्पा जिल्ला अदालत | ५२०११० | मा.जि.न्या. कमल राज विष्ट | ९८४१४७५०३९ |
| ३ | जिल्ला समन्वय समितिको कार्यालय | ५२०४२४ | जि.अ.स. जनार्दन अधिकारी | ९८५७०४३२२२ |
| ४ | दि फेमस महिन्द्र दल गण | ५२०५४६ | प्र.से.बाल मुकुन्द बिष्ट | ९८५१०९२३१४ |
| ५ | जिल्ला प्रहरी कार्यालय | ५२०५३६ | प्र.उ. हेरम्ब शर्मा | ९८५७०९५५५५ |
| ६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५२००५९ | उप-अ.नि. गोपाल पन्थी | ९८५७०६५०५९ |
| ७ | सशस्त्र प्रहरी बल नेपाल गुल्म | ५२११७४ | प्र.ना.उ. उद्धव वन | ९८५१२७२२३४ |
| ८ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ५२०००३ | शशिन्द्र खाती | ९८५७०६५२०३ |
| ९ | पाल्पा जिल्ला अदालत | ५२०११० | श्रेस्तेदार दुर्गा बस्याल | ९८५७०७२११० |
| १० | जिल्ला सरकारी वकिल कार्यालय | ५२०१५८ | डा. सूर्य प्रसाद पौडेल | ९८५७०६८१५८ |
| ११ | शिक्षा विकास तथा समन्वय इकाइ | ५२०११९ | महेन्द्र सुवेदी | ९८५७०६५९८० |
| १२ | शहरी विकास तथा भवन कार्यालय | ५२०१५२ | गोविन्द प्रसाद गौतम | ९८५७०६५१५२ |
| १३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ५२०००७ | ई.अनोज उपाध्याय | ९८५७०२११४६ |
| १४ | सडक डिभिजन कार्यालय | ५२०९२१ | डि.ई. प्रदिपमणि निरौला | ९८५११६२७३२ |
| १५ | पाल्पा अस्पताल तानसेन | ५२०१५४ | नि.मे.सु.डा. विवेक भण्डारी | ९८५७०७७१५४<br>९८४९१२१५३४ |
| १६ | स्वास्थ्य कार्यालय | ५२१७३९ | डा. राजेन्द्र कुमार गिरी | ९८५७०८०७३९ |
| १७ | कृषि ज्ञान केन्द्र | ५२०२९४ | कामना अधिकारी | ९८५७०६५२९४ |

| | | | | |
|---|---|---|---|---|
| १८ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ५२०१४५ | दुर्गा खनाल | ९८५७०६०८३६ |
| १९ | सुन्तलाजात फलफूल विकास केन्द्र | ५२०१४७ | दिपक भट्टराई | ९८५७०७७१४७ |
| २० | डिभिजन वन कार्यालय | ५२०००२ | नारायण देव भट्टराई | ९८५७०२३३७७ |
| २१ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | ५२०१३९ | शिवराम अधिकारी | ९८५८०२५७२५ |
| २२ | जलस्रोत तथा सिंचाई विकास डिभिजन | ५२००८१ | कुशल गौतम | ९८५७०६१४३० |
| २३ | प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना | ५२११८० | टुक बहादुर थापा | ९८५७०६८१८१ |
| २४ | नेपाल टेलिकम दूरसंचार कार्यालय | ५२०१०१ | ढाकाराम पौड्याल | ९८५१००४८४४ |
| २५ | सामाजिक विकास डिभिजन कार्यालय | ५२११९६ | हरि लाल अर्याल | ९८५७०७७६२० |
| २६ | पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र | ५२०८२३ | नि. प्र. जीवन बस्याल | ९८५७०७७८२३ |
| २७ | कारागार कार्यालय | ५२०१५३ | ठाकुर प्रसाद अर्याल | ९८५७०७३७७७ |
| २८ | मालपोत कार्यालय पाल्पा | ५४०४२७ | दुर्गा प्रसाद खनाल | ९८५६०५०८०५ |
| २९ | घरेलु तथा साना उद्योग कार्यालय | ५२०२३२ | देवीराम भण्डारी | ९८५७०६०४३२ |
| ३० | जिल्ला हुलाक कार्यालय | ५२०१४६ | जयदिप पन्थी | ९८५७०७५१४६ |
| ३१ | तथ्यांक कार्यालय | ५२०५१२ | नि.प्र. लेखनाथ पाण्डेय | ९८५७०७८५१२ |
| ३२ | कालिगण्डकी कोरिडोर सडक योजना | | डि.ई.शंकर पौडेल | ९८५६०३०७४२ |
| ३३ | जिल्ला निर्वाचन कार्यालय | ५२०९३५ | विनोद घिमिरे | ९८५७०६८९३५ |
| ३४ | शैक्षिक तालिम केन्द्र | ५२०३०१ | गोपाल प्रसाद बस्याल | ९८४७०२९६३३ |
| ३५ | करदाता सेवा कार्यालय | ५२०११७ | गीता पाण्डे | ९८५७०७४११७ |
| ३६ | नापी कार्यालय | ५२०००८ | ई. अर्जुन पौडेल | ९८५७०६८३०८ |
| ३७ | सडक पूर्वाधार विकास कार्यालय | | ई .अरुण गुप्ता | ९८५७०६०४९१ |
| ३८ | विशेष नापी कार्यालय | ५२०१९७ | श्रीधर ढुङ्गाना | ९८५७०६५००८ |
| ३९ | नेपाल विद्युत प्राधिकरण | ५२०५११ | विवेक अधिकारी | ९८५७०७५५११ |
| ४० | कृषि सामाग्री कम्पनी लिमिटेड | ५२०१३८ | खेमराज भुषाल | ९८४६०९४६३६ |
| ४१ | यातायात व्यवस्था सेवा कार्यालय | ५२०४९९ | केशव सुनार | ९८५७०९१०३९ |

| | | | | |
|---|---|---|---|---|
| ४२ | खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय | ५२१४९५ | नरेश श्रेष्ठ | ९८५७०२१४९५ |
| ४३ | पाल्पा दरवार संग्रहालय | | डि.अ.ब. नारायण देव भट्टराई | ९८५७०२३३७७ |
| ४४ | ईलाका प्रशासन कार्यालय रामपुर पाल्पा | ४००४७५ | भगवानभक्त अर्याल | ९८६७०६५४७६ |
| ४५ | रामपुर अस्पताल रामपुर | ४००१५४ | डा.विजय परियार | ९८५७०६८१५४ |
| ४६ | नापी कार्यालय रामपुर | ४००४३४ | अधिकृत सुस्मा गौतम | ९८५७०६८३४३ |
| ४७ | मालपोत कार्यालय रामपुर | ४००४२७ | नि.प्र. ज्ञान बहादुर सिंजाली | ९८५७०६५१६७ |

## २२. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क नं.

| सि. न. | स्थानीय तह | प्रमुख प्रशासकीय अधिकृत | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | जीवन ज्ञवाली | ९८५७०७४१११ | |
| २ | रामपुर नगरपालिका | लेखनाथ न्यौपाने | ९८५७०७५१११ | |
| ३ | रिब्दीकोट गाउँपालिका | मदन अर्याल | ९८५७०७५३०७ | |
| ४ | रैनादेवी छहरा गाउँपालिका | दिनेश सारु | ९८५७०७२०२५ | |
| ५ | रम्भा गाउँपालिका | भक्तुजंग राना | ९८५७०६८७७० | |
| ६ | माथागढी गाउँपालिका | दिनेश ज्ञवाली | ९८५७०६८५६८ | |
| ७ | पूर्वखोला गाउँपालिका | मान बहादुर सारु | ९८५७०६८५७५ | |
| ८ | निस्दी गाउँपालिका | ध्रुव दयाल | ९८५७०७९२१० | |
| ९ | तिनाउ गाउँपालिका | सुन्दर प्रसाद श्रेष्ठ | ९८५७०११०९८ | |
| १० | बगनासकाली गाउँपालिका | बद्रीनाथ लम्साल | ९८५७०६८८६८ | |

## २३. जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट जारी गरिएको सेवाको लागत समय(Time Card)

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तानसेन, पाल्पा

☎ ०७५ {५२०१२३ ५२०१२४ ५२०१२५}
फ्याक्स: ०७५-५२०१६९

च. नं :
पत्र संख्या : ०७९/०८०

मितिः २०७९।०९।२४

विषयः सेवाको समय लागत सम्बन्धमा जारी गरिएको सूचना।

यस कार्यालयबाट प्रवाह गरिने सेवालाई थप सरल र प्रभावकारी बनाउन तपसिल बमोजिमका सेवा देहाय बमोजिमको समय भित्रै प्रदान गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागी अनुरोध छ।

| सि.नं. | सेवाको विवरण | लाग्ने समय |
|---|---|---|
| १. | नेपाली नागरिकताको प्रमाणपत्र (नयाँ र प्रतिलिपि) | अंग पुगी पेश भएको १ घण्टा भित्र |
| २. | नाबालक परिचय पत्र | अंग पुगी पेश भएको ३० मिनेट भित्र |
| ३. | दलित, जनजाती प्रमाणित | अंग पुऱ्याइ निवेदन दिएको ३० मिनेट भित्र |
| ४. | पेन्सन सम्बन्धी कागजात सिफारिस | आवश्यक कागजात सहित निवेदन पेश गरेको १ घण्टा भित्र |
| ५. | संस्था दर्ता | अंग पुऱ्याइ पेश भएकोमा सोही दिन |
| ६. | संस्था नविकरण | अंग पुऱ्याइ निवेदन पेश भएको ३० मिनेट भित्र |
| ७. | राष्ट्रिय परिचय पत्र विवरण दर्ता | विवरण साथ उपस्थित भएको बढीमा १ घण्टा भित्र |
| ८. | व्यक्ति प्रमाणित | अंग पुऱ्याइ निवेदन पेश भएको ३० मिनेट भित्र |
| ९. | राहदानी वितरण | राहदानी विभागबाट प्राप्त हुना साथ SMS बाट जानकारी दिईने र व्यक्ति उपस्थित भएको २० मिनेट भित्र |
| १०. | विद्युतीय राहदानीको Live Enrollment को लागि | पालो आउना साथ (सरबर चलेको अवस्थामा १० मिनेट) (नोटः सेवाग्राही उपस्थित हुन सक्ने भएमा मिति २०७९।१०।०३ गतेबाट बिहान ८:०० बजेदेखि साँझ ७:०० बजेसम्म नै पहिले जस्तै ३ सिफटमा Live Enrollment अतिरिक्त समयमा पनि गर्ने व्यवस्था मिलाइने। |
| ११. | मुद्दाको तारेख तथा पेशी | १५ मिनेट भित्रै |

प्रमुख जिल्ला अधिकारी

## २४. जिल्ला प्रशासन कार्यालय पाल्पाको नागरिक बडापत्र



## २५. तस्विरहरु

मिति २०८०।०३।१७ गते लुम्बिनी प्रदेशका मुख्य मन्त्री माननीय डिल्ली बहादुर चौधरीज्यूसँग पाल्पा जिल्लाका कार्यालय प्रमुखहरुको अन्तरक्रिया तथा निर्देशन कार्यक्रम।





मिति २०८०/०२/१२ गते जिल्ला पाल्पा रामपुर नगरपालिकामा जिल्ला प्रशासन कार्यालय पाल्पाका प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा (पाल्पा, तनहुँ र नवलपरासी वर्दघाट सुस्ता पूर्व) ३ जिल्ला बीच बसेको अन्तर जिल्ला सुरक्षा बैठक





मिति २०७९/०९/२१ गते पाल्पा जिल्लाको संघीय व्यवस्थापिकका माननीयज्यूहरु र प्रदेश सभाका माननीयज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुखज्यू, स्थानीय तहका प्रमुखज्यूहरु, जिल्ला स्थित राजनैतिक दलका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, कार्यालय प्रमुखहरु तथा पत्रकार महासंघका अध्यक्षसंग समन्वयात्मक बैठक ।





प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य निर्वाचनको सन्दर्भमा राजनीतिक दल/मुख्य निर्वाचन अधिकृत /पत्रकारहरु सहितको अन्तरक्रिया बैठक





## संयुक्त बजार अनुगमन र जफत गरिएका खाद्य सामाग्रीहरु नष्ट गरिएको तस्विरहरु

### मिति २०७९/०४/२५ गते सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा भएको संयुक्त बजार अनुगमन











मिति २०७९/०५/३० गते प्रशासकीय अधिकृतको नेतृत्वमा भएको डेरी उद्योग तथा मिठाइ पसलहरुको संयुक्त अनुगमन














मिति २०७९/०८/२९ र २०७९/०९/०१ गते एल. पि. ग्याँस विक्रेता/व्यवसायीहरुको संयुक्त अनुगमन









मिति २००८/०२/११ गते पूर्वखोला गाउँपालिकामा प्रशासकीय अधिकृत रमा श्रेष्ठ र २०८०/०३/०७ गते तिनाउ गाउँपालिकामा प्रशासकीय अधिकृत यज्ञश्वर पन्थीको नेतृत्वमा भएको संयुक्त बजार अनुगमन






## विपद् सम्बन्धी घटनामा उद्धार गरिएको केही तस्विरहरु

तानसेन न.पा. ०६ भोटेचौपारी बस्ने स्थानीयको घरमा आगोलागी हुँदा निभाउँदै







सिद्धार्थ राजमार्ग सडक खण्डको दोभानमा  मिति २०७९।०९।१२ गते सुख्खा पहिरोले अवरोध भएको सडक खुलाउदै



कोभिड-१९ संक्रमण रोकथाम र न्यूनिकरणको लागि सेवाग्राही कार्यालय प्रवेश गरेपछि साबुन पानीले हात धुने व्यवस्था ।






गर्भवति तथा नव-आमाको लागि आराम तथा शिशु स्तनपान कक्ष


मोबाइल चार्ज गर्ने स्थान

कार्यालयमा सेवा लिन आएका सेवाग्राहीहरु








# प्रमुख जिल्ला अधिकारी




# सहायक प्रमुख जिल्ला अधिकारी



यज्ञश्वर पन्थी
प्रशासकीय अधिकृत
भित्र


रमा श्रेष्ठ
प्रशासकीय अधिकृत
भित्र
रमा श्रेष्ठ
प्रशासकीय अधिकृत

## प्रशासकीय अधिकृत

# प्रशासन शाखा





# लेखा फाँट



# नागरिकता शाखा





# सूचना प्रविधि शाखा





# राहदानी शाखा





# राष्ट्रिय परिचियपत्र विवरण दर्ता शाखा



# नागरिक सहायता कक्ष



# मतदाता नामावली संकलन




# E-Passport Online Booking Station






## जिल्ला प्रशासन कार्यालय, पाल्पाको सेवाग्राहीहरुलाई अनुरोध








जिल्ला प्रशासन कार्यालयको इजलास





जिल्ला प्रशासन कार्यालयको बैठक/सभा हल

## जिल्ला प्रशासन कार्यालयमा पेश गरिने निवेदनको नमूना/ढाँचा

### माईतिको नामथर वतन कायम गरी संशोधित प्रतिलिपि माग निवेदन

रु १० को टिकट

मितिः २०७.../...../....

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, पाल्पा ।

**विषय : माइतिको नामथर वतन कायम गरी नागरिकताको प्रमाणपत्र /संशोधित प्रतिलिपि पाउँ ।**

प्रस्तुत विषयमा पाल्पा जिल्ला ................................... गा.पा. / न.पा. वडा नं.......... ( साविक ............................गा.वि.स. / न.पा. वडा नं. ....... ) बस्ने ...................................... को नातिनी .......................................को छोरी ................................ले ............. जिल्ला ............................... .न.पा./गा.पा ...... वडा नं. .......................... बस्ने ............................................ को नाति .................................. को छोरा ............................... संग मिति ..................... मा विवाह भएकोमा ............ ........ अदालतको मिति ................. आदेश र ............................... को मिति ...................... को सम्बन्ध विच्छेद प्रमाण पत्र सहित हाल अन्यत्र विवाह नभएकोले मलाई माइतीको थर, वतन कायम गरी नागरिकता प्रमाणपत्र / संशोधित ना.प्र.को प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

**<u>संलग्न कागजातहरु</u>**

१. मेरो/आमा/बुवा/पत्निको नेपाली नागरिकता प्रमाणपत्र
२. जन्मदर्ता / शैक्षिक योग्यताको प्रमाणपत्र
३. सम्बन्ध विच्छेद प्रमाणपत्र
४. ..............................

**निवेदक**
हस्ताक्षरः ..........................
नाम : ..............................
ठेगाना :............................

## नागरिकता प्रमाणपत्रको अभिलेखका लागि दिने निवेदन ढाँचा

रु १० को
टिकट

मितिः २०७.../...../....

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू
जिल्ला प्रशासन कार्यालय, पाल्पा ।

**विषय : ना.प्र.को अभिलेख पाउँ ।**

प्रस्तुत विषयमा पाल्पा जिल्ला ................................गा.पा. / न.पा वडा नं. ....... टोल ....................... (साविक ................. गा.वि.स. / न.पा वडा नं. .... टोल .................... ) निवासी ...................................... को नाति/नातिनी, ...................................... को छोरा/छोरी/श्रीमती .................................. ले यस कार्यालयबाट मिति .....................मा ना.प्र.नं. ............................ को नागरिकता प्रमाणपत्र लिएको हुँदा सो को अभिलेख उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकता/ना.प्र.नं.
२. ..............................

**निवेदक**
हस्ताक्षरः ...........................
नाम : ................................
ठेगाना :..............................

District Verification Sample

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला/इलाका प्रशासन कार्यालय, ............

नागरिकता प्रमाणपत्र/नाबालक परिचयपत्र प्रमाणिकरण

सम्बन्धित अधिकारीबाट प्रमाणित गरिएको आवेदकको फोटो

संकेत नं.

नाम:-

थर:-

जन्म मिति:-

नागरिकता/नाबालक परिचय पत्र नं.

नागरिकता/नाबालक परिचय पत्र जारी मिति:-

नागरिकता/नाबालक परिचय पत्र जारी गर्ने अधिकारी:-

पुरानो राहदानी नं.

पुरानो राहदानी जारी मिति:-

बाबु/आमाको नाम र नागरिकता प्रमाणपत्र नं. :-

प्रतिलिपी नागरिकता (कतिऔं) लिए/नलिएको:-

प्रतिलिपी नागरिकता लिएको मिति:-

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर

नाम:-

कार्यालयको छाप

पद:-

मिति:-

सम्पर्क नं.

राहदानी उपलब्ध / द्रुत सिफारिसको लागि निवेदनको ढाँचा

| |
|---|
| रु १० को टिकट |

मितिः २०७... /...../....

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, पाल्पा ।

**विषय : राहदानी उपलब्ध /द्रुत सिफारिस गराईपाउँ ।**

प्रस्तुत विषयमा पाल्पा जिल्ला ......................... गा.पा./न.पा वडा नं. .......... टोल ....................... (साविक.................गा.वि.स./न.पा वडा नं..... टोल .................... ) निवासी .......................... को नाति/नातिनी, ....................... को छोरा/छोरी/श्रीमती .............................. ले यस कार्यालयबाट मिति ................. मा जारी भएको नं. ............... को राहदानी ..................... देखि .................... जाँदा हराएकोले/च्यातिएको/ झुत्रो भएको/पाना सकिएको/.................... भएकोले अर्को राहदानी बनाईदिनुहुन / द्रुत सेवा सिफारिस गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१. नेपाली ना.प्र. को छायाँप्रति
२. पुरानो सक्कलै राहदानी/छायाँप्रति
३. सक्कलै T.D.
४. ..............................

**निवेदक**

हस्ताक्षरः ..........................

नाम : ..............................

ठेगाना :...........................

# जिल्ला प्रशासन कार्यालय, पाल्पा

Website: http://daopalpa.moha.gov.np

Email : daopalpa@gmail.com

Facebook page: https://www.facebook.com/dao.palpa.148

Facebook Id : जिल्ला प्रशासन कार्यालय, पाल्पा

Contact Number: 075-520125 / 520124